"विकास र समृद्धिका लागि निर्वाचनमा एउटा दललाई ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक २६५ • २०८० साल फाल्गुन ९ गते बुधबार (21 Feburary, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नेपालीका लागि भारतीय सीम सहज उपलब्ध हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली नागरिकले अब सहज रुपमा भारतीय सीमकार्ड प्राप्त गर्न सक्ने भएका छन् । भारत सरकारको सूचना एवं प्रसारण मन्त्रालयले १२ वर्ष पुरानो कानुनलाई सच्याएर नेपालीलाई सीम दिने प्रबन्ध मिलाएको छ ।

सूचना तथा प्रसारण मन्त्रालयको सूचना विभागले जारी गरेको परिपत्रमा नेपाली नागरिकको हकमा नागरिकता, पासपोर्ट वा मतदाता परिचय पत्रको प्रतिलिपि मध्ये कुनै एउटा प्रमाणको आधारमा सीमकार्ड उपलब्ध गराउन दूरसञ्चार सेवा प्रदायक कम्पनीहरुलाई निर्देशन दिएको छ ।

नेपालबाट पछिल्लो पटक भारतको उच्चस्तरीय भ्रमण गरेको संसदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति राजकिशोर यादव नेतृत्वको टोली र भारतीय विदेश मन्त्री एस जयशंकरबीच भएको छलफलमा नेपाली नागरिकलाई भारतीय सीमकार्ड उपलब्ध गराउने विषयमा छलफल भएको थियो ।

नेपालीले प्राप्त गर्ने सीमकार्डको मान्य अवधि तीन महिना रहने र त्यस समयावधि भित्र भारतमा नै रिचार्ज गर्नुपर्ने छ । त्यो सीमकार्डमा अन्तर्राष्ट्रिय रोमिंग नरहने भएकाले नेपाल लगायत अन्य मुलुकमा चल्ने छैन् ।

### कफ्र्युमा प्रदर्शन, २१ जना पक्राउ

# पाँच बुँदे सहमति, हटेन कफ्र्यु

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकामा लगाइएको कफ्र्यु उल्लंघनगर्दै मंगलवार प्रदर्शन भएको छ ।

कप्र्यु उल्लंघनगर्दै प्रदर्शन गर्ने प्रदर्शनकारीहरु मध्ये प्रहरीले २१ जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले कफ्र्यु उल्लंघन गर्नेहरु मध्ये २१ जनालाई नियन्त्रणमा लिएको पुष्टि गरेको छ ।उनीहरु १० बजे राती सम्म रिहा भएका छैनन् ।

जिल्ला प्रशासन कार्यालय पर्साले लगाएको कफ्र्यु मंगलवार बिहान खुकुलो बनाइएको थियो । प्रशासनले अप्रिय घटना नहोस भनि सोमबार देखि कफ्र्यु आदेश जारी गरेको जनाएको छ ।

वीरगञ्जमा भएको प्रदर्शनलाई मध्य नजर गर्दै जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय बैठकबाट विभिन्न पाँच बुँदे सहमतिगरि तनाव नवढाउन सवै पक्ष संग आग्रह गरिएको छ । बैठकमा सवै जातजाति, भाषा, धर्म, समुदाय बीचको एकतालाई अझ मजबुत बनाई नेपाली जनता बीचको सम्बन्ध एवम् एकतालाई अखण्ड राख्ने निर्णय गरिएको छ ।



एक अर्काको आस्थाको केन्द्र तथा धार्मिक स्थलहरुको सम्मान गर्दै यस्ता स्थान तथा धार्मिक स्थलहरुमा नारावाजी, जुलुस लगायतका विरोधका कार्यक्रम नगर्ने नगराउने, शान्ति सुरक्षा र अमनचयनमा खलल पार्ने किसिमका धार्मिक, सामाजिक, सांस्कृतिक सद् भाव विगार्ने एवं द्वन्द्वलाई उक्साउने प्रकारका अवाञ्छित गतिविधिहरु नगर्ने, लाठी, भाला, जुलुस निकाल्ने लगायतका क्रियाकलाप गर्ने विरुद्ध कानुन बमोजिम कारबाही गर्न प्रशासन समक्ष अनुरोध गर्ने लगायतको निर्णय भएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद लम्सालले जनाएका छन् ।

नागरिकको सेवा सुविधालाई मध्यनजर गर्दै सोमबार अबेर राति जिल्ला प्रशासन कार्यालय पर्साले एक सूचना जारी गर्दै मंगलबार बिहान ६ बजे देखि १० बजे सम्म ४ घण्टाका लागि कफ्र्यु खुल्ला गरेको थियो । बिहान १० बजेदखि भने कर्फ्यू आदेश पुनः लागु गरिएको छ ।

कफ्र्यु आदेशको पालना नगरी टायर बालेर प्रदर्शन तथा नाराबाजी गरेको भन्दै पर्सा प्रहरीले २१ जनालाई नियन्त्रणमा लिएको जनाएको छ । नियन्त्रणमा लिएकाहरुलाई जिल्ला प्रहरी कार्यालय पर्साको निगरानीमा राखिएको प्रहरीले जनाएको छ । यता, वीरगञ्जमा २१ जनालाई समातेको विरुद्धमा नारावाजी गरेको भन्दै जनकपुरधाममा दुई जनालाई पक्राउ गरिएको थियो । पक्राउ परेकाहरुलाई छाडि सकेको धनुषाका प्रहरी निरीक्षक मित्रबन्धु शर्माले जानकारी दिए ।

यसैबीच मुस्लिम आयोगले जारी गरेको विज्ञप्तिमा मुसलमानहरुको धार्मिक स्थलहरुमा समाजिक सदभाव खल्बलाउनेहरुले आक्रमण गरेकाले पक्राउगरि कार्वाहीगर्न माग गरिएको छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रहमपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।
सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९



# सूर्य नेपाल वेस्टर्न ओपन आजदेखि

**टुडे समाचारदाता**

काठमाण्डु । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गतको चौंथो प्रतियोगिता, सूर्य नेपाल वेस्टर्न ओपन बुधबारदेखि हिमालयन गल्फ क्लब, पोखरामा सुरू हुँदैछ।




तीन दिन सम्म चल्ने प्रतियोगिता ५४ होलको हुनेछ। काठमाण्डु बाहिर हुने दुई प्रतियोगिता मध्ये एक, सूर्य नेपाल वेस्टर्न ओपनमा ३५ प्रोफेसनल र १५ एमेच्योर खेलाडीको सहभागिता रहनेछ । डिफेन्डिङ च्याम्पियन तथा नेपाल नम्बर एक गल्फर शुक्र बहादुर राई र सुबाश तामाङ भारतीय गल्फ टुरमा व्यस्त रहेको हुनाले यस प्रतियोगितामा सहभागिता जनाउने छैनन् ।

गत महिना धरानमा सम्पन्न सूर्य नेपाल इस्टर्न ओपनको उपाधि जितेर शुक्र भारतीय गल्फ टुरमा सहभागिता जनाउन गएका छन् । पूर्व नम्बर एक एमेच्योर गल्फर सुबाशले प्रोफेसनल गल्फ टुर अफ इण्डियाको क्वालीफाईङ्ग स्कूलमा दोस्रो हुँदै भारतीय गल्फ टुरको २०२४ सिजनको लागि कार्ड प्राप्त गरेका छन् ।

यो सिजनको दोस्रो प्रतियोगिता, सूर्य नेपाल एनपीजीए म्याच प्लेका उपाधि विजेता दिनेश प्रजापति सहित पूर्व नम्बर एक खेलाडीहरु भुवन नगरकोटी र रवि खड्का, जयराम श्रेष्ठ, नीरज तामाङ, सञ्जय लामा, धन बहादुर थापा दाबेदार खेलाडी छन् । प्रतियोगितामा नेपाली राष्ट्रिय गल्फ टिमका एमेच्योर खेलाडी सदभाव आचार्य पनि दावेदार मध्येका एक छन् । सदभावले यो सिजनको पहिलो प्रतियोगिता, सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि जितेका थिए।

३६ होलको समाप्तिमा कट लागु हुनेछ । जहाँ २१ टप प्रोफेसनल खेलाडीले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन् । एमेच्योर खेलाडीको हकमा पनि प्रोफेसनल खेलाडीको कटमा पर्नेले मात्र अन्तिम १८ होलको प्रतिस्पर्धामा सहभागिता जनाउन पाउनेछन् ।

कुल ८ लाख ४० हजार नगद पुरस्कार राशी रहेको प्रतियोगिताको विजेताले १ लाख ४० हजार, तथा दोस्रो र तेस्रो हुनेले क्रमश ९६ हजार र ७२ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । चौंथो र पाँचौं स्थान प्राप्त गर्न प्रोफेसनल खेलाडीले क्रमशः ५९ हजार र ५० हजार हात पार्ने छन् । साथै उत्कृष्ट २१ मा पर्न सफल अन्य गल्फरले नगद हात पार्ने छन् ।

प्रतियोगिताको अन्तिम दिन शनिबार प्रो-एम प्रतियोगिता हुनेछ । सूर्य नेपाल गल्फ टुर २०२३-२४ अन्तर्गत कुल आठ प्रतियोगिता हुनेछन् । जसमा कुल ६५ लाख नगद पुरस्कार रहेको छ ।

# नेपाल एसबिआईद्वारा वृक्षरोपण



**टुडे समाचारदाता**

काठमाण्डु । भारतीय स्टेट बैंकका प्रबन्ध सञ्चालक (जोखिम, अनुपालन र SARG), आलोक कुमार चौधरीले फागुन ५ देखि ४ दिने नेपाल भ्रमण सम्पन्न गरेका छन् ।

उनको भ्रमणका क्रममा नेपाल एसबिआई बैंक लिमिटेडले पशुपति मन्दिर परिसर काठमाण्डुमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वृक्षरोपण कार्यक्रम आयोजना गरेको थियो । सो अवसरमा उनले पशुपति मन्दिर परिसरमा रहेको कैलाश डाँडांमा वृक्षरोपण गरेका थिए ।

उक्त कार्यक्रममा नेपाल एसबिआई बैंकका प्रमुख सञ्चालन अधिकृत यादवेंन्द्र कान्त, बैंकका सल्लाहकार छपिराज पन्त, बैंकका प्रमुख व्यवसाय प्रबर्द्धन अधिकृत रितेश अर्याल तथा बैंकका अन्य पदाधिकारीहरुको सहभागिता रहेको थियो । बैंकले यस पशुपति मन्दिर परिसरमा यस प्रकारका सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यक्रमहरू नियमित रुपमा गर्दै आएको छ ।

यस बैंकले ९७ शाखा, २२ एक्स्टेन्सन काउन्टर, ७ प्रादेशिक कार्यालय तथा १ कर्पोरेट अफिसका साथै १ सय २१ एटिएम बाट आफ्नो सेवा प्रदान गर्दै आएको छ ।

# दुई परियोजना कार्यान्वयन गर्न ११ अर्ब ७० करोड अनुदान

**टुडे समाचारदाता**

काठमाण्डु । संयुक्त अधिराज्यले व्यवसायमा नेपाल (नेपाल इन् बिजनेस-एनआइबी) र हरित विकास कार्यक्रम (ग्रीन ग्रोथ प्रोग्राम-जिजिपी) परियोजना कार्यान्वयन गर्न सात करोड स्टर्लिङ पाउण्ड (करिब रु ११ अर्ब ७० करोड) अनुदान उपलब्ध गराउने भएको छ । आगामी सात वर्षसम्म दुवै परियोजना सञ्चालन हुनेछन् । अनुदान सोही अवधिका निम्ति प्रदान गरिएको हो ।




नेपालको भ्रमणमा रहेका अफ्रिकाका निम्ति बेलायतका विकास मन्त्री एन्ड्रु मिचेल र अर्थमन्त्री डा प्रकाशशरण महतको उपस्थितिमा अनुदान सहायतासम्बन्धी सम्झौतापत्रमा मंगलबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा उक्त मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपाल र यहाँस्थित बेलायती दूतावासका विकास निर्देशक पिपा बर्डले हस्ताक्षर गरे । यो अनुदानमा प्राविधिक सहायता र वैदेशिक विकास सहायता पनि समावेश गरिएको छ ।

अर्थ मन्त्रालयका अनुसार एनआइबी कार्यक्रमबाट प्राप्त हुने अनुदान नेपालको समग्र आर्थिक विकास, गरिबी निवारण र समग्र आर्थिक समृद्धिको बाटो निर्धारणमा सहयोग गर्ने अपेक्षा गरिएको छ । यो कार्यक्रमले साना तथा मझौला उद्यमलाई सहयोग गर्नेछ । साना तथा मझौला उद्यमलाई उत्पादनमा जोड्ने र त्यस्ता व्यवसाय विकासका लागि वित्तपोषण गर्ने अपेक्षा गरिएको छ ।

त्यसैगरी, हरित नेपाल विकास कार्यक्रमले उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न, जलवायु अनुकूलित पूर्वाधार निर्माण गर्न, दिगो आर्थिक नीतिलाई सुदृढ गर्न र आर्थिक सहजीकरण गरी समावेशी विकासका लागि सहयोग गर्नेछ । त्यस्तै, प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्रमा सुधार र जलवायु अनुकूल लगानी परियोजना विकासमा योगदान गर्ने बताइएको छ ।

त्यस अवसरमा अर्थमन्त्री महतले नेपाल- बेलायत सम्बन्धबारे चर्चा गर्दै नेपालको सामाजिक-आर्थिक विकासका प्राथमिकतालाई पूरा गर्न बेलायत सरकारले निरन्तर सहयोग गरेकमा आभार व्यक्त गरे । उनले नेपालको आर्थिक वृद्धि, दिगोपन प्रवर्द्धन, गरिबी घटाउनेलगायत महत्वपूर्ण कार्यक्रम कार्यान्वयनका निम्ति अनुदान उपयोगी हुने विश्वास व्यक्त गरे । "आर्थिक रुपान्तरण, जलवायु परिवर्तनका मुद्दा, सामाजिक सेवा तथा समावेशीकरणका लागि पनि अनुदानबाट सञ्चालन हुने कार्यक्रम महत्वपूर्ण छन्", उनले भने ।

बेलायतीमन्त्रीले आर्थिक रुपान्तरण, जलवायु परिवर्तनका प्रभावसँग सम्बन्धित विषय, सबल सामाजिक सेवा प्रवाह, समावेशिता प्रवर्द्धनमा सहयोग र सहकार्यका प्रशस्त क्षेत्र रहेका बताए ।

# शाखारहित बैंकिङ्ग सेवा सञ्चालन

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले पाँचथर जिल्लाको फिदिम नगरपालिका-१२ डेरी बजारमा नयाँ शाखा रहित बैंकिङ्ग सेवा सञ्चालनमा ल्याएको छ ।




यससँगै बैंकको शाखा रहित बैंकिङ्ग सेवाहरुको संख्या २७५ पुगेको छ । शाखा रहित बैंकिङ्ग सेवाको उद्घाटन फिदिम नगरपालिकाका उपमेयर राधाकृष्ण न्यौपाने, वडा नं. १२ का अध्यक्ष कमल प्रसाद चापागाईं तथा बैंकका सहायक महाप्रबन्धक दिलिप पोखरेलले संयुक्तरुपमा गरेका थिए ।

शाखा रहित बैंकिङ्ग सेवाबाट ग्रामीण क्षेत्रका बासिन्दाले स्थानीय प्रतिनिधि मार्फत विभिन्न बैंकिङ्ग सेवा लिन सक्नेछन् । यसबाट निक्षेप खाता खोल्ने, तोकिएको सीमासम्मको रकम जम्मा गर्ने तथा झिक्ने, आफ्नो खातामा रहेको मौज्दातको जानकारी लिने, कर्जाको ब्याज भुक्तानी लगायतका सेवा लिन सक्नेछन् ।

ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक रहेको जनाइएको छ । बैंकले ३५५ शाखा कार्यालय, ३७८ एटिएम, २७५ शाखा रहित बैंकिङ्ग सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार १ सय भन्दा बढि सेवा केन्द्र रहेका छन ।

'सबैका लागि बैंक' भन्ने नाराका साथ बैंकले ४६ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ ।

# असुरक्षित खानाका कारण प्रत्येक वर्ष नौ हजारको मृत्यु

**टुडे समाचारदाता**

विराटनगर । नेपालमा असुरक्षित खानाका कारण प्रत्येक वर्ष नौ हजारको मृत्यु हुने गरेको हालैको एक अध्ययनले देखाएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले मंगलबार आयोजित प्रदेशस्तरीय खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी गोष्ठीमा अध्ययनबारे जानकारी दिइएको हो ।



खाद्य अनुसन्धान अधिकृत दिनेश सुवेदीले होटलहरुमा विशेष गरी मिसावट, तेलजन्य खाद्यबाट उत्पन्न हुने समस्या, रङको प्रयोग र सूक्ष्मजीवले मानव स्वास्थ्यमा समस्या देखिएको बताए ।

अनुसन्धान अधिकृत सुवेदीका अनुसार विराटनगरका होटल रेष्टुराँहरुको अनुगमनका क्रममा फोहर व्यवस्थापन चुनौतीपूर्ण रहेको पाएको, होटलको फोहर व्यवस्थापन, सरसफाइ र कामदारको व्यक्तिगत सरसफाइ चुनौतीपूर्ण हुँदै गएको पाइएको छ । होटलहरु व्यस्त सडकको नजिक हुँदा धुलो, धुवाँको समस्या पनि थपिएको छ। खाद्यान्न दलहनतर्फ ४७ वटा र प्रशोधित पिउनेपानी एक सय २१ थान मुद्दा जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन् ।

चालु आवको छ महिनामा १७ वटा न्यूनस्तर/दूषित खाद्यपदार्थ उत्पादन गर्ने उद्योगविरुद्ध मोरङमा मुद्दा दायर गरिएको अधिकृत सुवेदीले बताए । खाद्य-दाना उद्योग सिफारिस, अनुज्ञापत्र जारी, नवीकरण, बजार, उद्योग, संयुक्त तथा एकल अनुगमन, प्रयोगशाला सेवा, तालिम दिँदै आएको कार्यालयका प्रमुख विजय खनालले जानकारी दिए । गोष्ठीमा प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा लेखराज दाहाल, १४ वटै जिल्लाका साना तथा घरेलु उद्योग कार्यालयका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।

# आयुर्वेद उपचारप्रति बिरामीको आकर्षण बढ्दो

**टुडे समाचारदाता**

चितवन । आयुर्वेद उपचार पद्धतिप्रति बिरामीको आकर्षण बढेको छ । जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र रत्ननगरमा उपचार गराउन आउने बिरामीको संख्या निरन्तर बढ्दै गएकाले पनि यो उपचार पद्धतिप्रति बिरामीको आकर्षण बढेको पुष्टि हुन्छ ।



केन्द्रका अनुसार चालु आर्थिक वर्षको छ महिनामा २४ हजार तीनजना बिरामीले कार्यालयबाट विभिन्न सेवा लिएका छन् । बहिरङ्ग चिकित्सा सेवामार्फत सबैभन्दा बढी सात हजार सात सय ९१ जनाले सेवा लिएका छन् ।

यसैगरी, योग सेवा दुई हजार ६ सय १०, पूर्वकम/पञ्चकर्म सेवा पाँच हजार पाँच सय २७, ज्येष्ठ नागरिक सेवा एक हजार नौ सय ७५, स्तनपान आमा तथा शिशु सेवा एक सय २०, नागरिक आरोग्य स्वास्थ्य सेवा दुई हजार सात सय ७९, प्रयोगशाला सेवा दुई हजार पाँच सय ४४, अकुपञ्चर सेवा तीन सय ३५, फिजियोथेरापी सेवा दुई सय ८२ र अल्ट्रासाउन्ड सेवा ४० जनाले लिएका छन् ।

गत आर्थिक वर्षमा यी सबै सेवा लिनेको संख्या ४९ हजार पाँच सय १३ थियो । केन्द्रका अतिरिक्त औषधालय, नागरिक आरोग्य सेवा केन्द्रहरु र जीवनशैली सेवामार्फत जिल्लाभरि सेवा दिँदै आएको छ । भरतपुरको शिवघाट, देवघाट, गुञ्जानगर, पटिहानी, मेघौली र डालेटारमा आयुर्वेद औषधालय रहेका छन् । यसका अतिरिक्त माडी र राप्तीको वीरेन्द्रनगरमा यी सेवा रहेका छन् ।कालिका नगरपालिकाको सगुनटोल, खैरहनी नगरपालिकाको कुमरोज र इच्छाकामना गाउँपालिकाको चुम्लिङ्गारमा नागरिक आरोग्य सेवा केन्द्रहरु सञ्चालनमा छन् ।

केन्द्रले मुख्यमन्त्री जनता स्वास्थ्य, प्रदूषणबाट उत्पन्न स्वास्थ्य समस्या न्यूनीकरण, स्वास्थ्य जीवन प्रवर्द्धनलगायत कार्यक्रम गर्दै आएको छ । यसैगरी, योग तथा पूर्वकर्म अभिमुखीकरण, महिला स्वास्थ्य स्वयंसेविकालाई आयुर्वेदसम्बन्धी सचेतना, कर्मचारी पुनःताजगी योग अभ्यास कार्यक्रम सञ्चालन गर्दै आएको छ । केन्द्रले नमूना जडीबुटी उद्यान निर्माण, विद्युत् आयुर्वेद तथा योग शिक्षा, निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर, नागरिक आरोग्य सेवा तथा अभियान, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धनजस्ता कार्यक्रम पनि गर्दै आएको छ ।

केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले आयुर्वेद औषधि उपचारको व्यापक प्रचारप्रसार गर्नसकेमा यसले मानव स्वास्थ्य उपचारमा सहयोग पुग्ने बताए । केन्द्रको भौतिक पूर्वाधार र सेवा विस्तारसँगै बिरामीको आकर्षण बढेको उनको भनाइ छ । केन्द्रलाई आगामी साउनदेखि २५ श्ययाको अस्पतालको रुपमा विकास गर्रिंदै छ । हाल केन्द्रको अस्पताल भवन निर्माणाधीन छ । यससँगै विशेषज्ञ चिकित्सकसहितको दरबन्दी थप हुने र अन्तरङ्ग सेवा सुरु हुनेछ ।

# सङ्क्रमित, फोहर उत्पादकले नै व्यवस्थापन गर्नुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डुकाठमाडौंमहानगरपालिकाले (कामपा) सङ्क्रमित, रसायनयुक्त, हानिकारक फोहर उत्पादकले नै व्यवस्थापन गर्नुपर्ने बताएको छ ।

कामपाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन २०७७ मा हानिकारक फोहर व्यवस्थापनसम्बन्धी व्यवस्था छ । ऐनको दफा २० बमोजिम हानिकारक, स्वास्थ्य संस्थाजन्य, रासायनिक वा औद्योगिक फोहरको प्रशोधन र व्यवस्थापन उत्पादक आफैंले गर्नुपर्ने महानगरपालिकाले जनाएको छ । कामपाको उपप्रमुख सुनिता डङ्गोलका अनुसार सहरी वातावरणमा महसुसयोग्य सुधार गर्नुपर्छ। यस कार्यका फोहर उत्पादकहरुले दायित्वबोध गरेर नागरिक र कानुनी दायित्व पूरा गरी फोहरको दिगोरुपमा व्यवस्थापन गर्नुपर्ने छ।

सोहीअनुरुप कामपाले पछिल्लो एक सातादेखि अस्पतालजन्य फोहर व्यवस्थापन विषयमा अनुगमन सुरु गरेका छ। "अस्पतालजन्य फोहर अन्य फोहरभन्दा बढी हानिकारक हुन्छ", उनले भने, "यसको सही व्यवस्थापन गर्न आवश्यक छ ।" अस्पतालजन्य फोहर उत्पादन हुने स्थान, उत्पादित फोहर सङ्कलन र ढुवानी गर्ने साधन तथा उपकरण, प्रशोधन गर्ने स्थान र प्रविधि तथा निर्मलीकरणपछिका सामान व्यवस्थापन संवेदनशील भएर गर्नुपर्छ भने ।

विभागले अस्पतालजन्य फोहर वर्गीकरण गर्न, जोखिमयुक्त फोहरलाई प्रशोधन गरेर निर्मलीकरण गर्न र उत्पादित फोहरको उचित व्यवस्थापन गर्नका लागि सार्वजनिक सूचनामार्फत पनि अनुरोध गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन गर्ने अधिकार दिएको छ ।

साथै स्वास्थ्य संस्थाहरुले चिकित्साजन्य फोहरको उचित व्यवस्थापन नगरे त्यस्ता संस्थाहरुलाई दण्ड जरिवाना गराउन पाउने अधिकार पनि स्थानीय सरकारलाई प्रदान गरिदिएको छ ।

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मोरङको बेलबारी नगरपालिकास्थित सोमबारे बजारमा बिक्रीका लागि राखिएको काठको ठेकी । दूध जमाएर मोही पार्नका लागि प्रयोग गरिने ठेकी यहाँ एक हजार पाँच सयदेखि तीन हजार सम्ममा बिक्री हुने गरेको छ । *तस्बिर : रासस*

# प्रधानमन्त्रीसँग बेलायतका विकासमन्त्रीको भेट

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपाल भ्रमणमा रहनुभएका बेलायतका विकासमन्त्री एन्ड्रयू मिचेलले शिष्टाचार भेटवार्ता गरेका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार भएको भेटमा उनीहरुबीच द्विपक्षीय हित, आपसी चासो तथा विकासका विविध आयामबारे छलफल भएको थियो ।त्यस अवसरमा प्रधानमन्त्री दाहालले आगामी वैशाखमा नेपालले आयोजना गर्न लागेको लगानी सम्मेलनमा लगानीकर्तालाई नेपालमा पठाउन सहयोग गर्न आग्रह गरेको उनको सचिवालयले जनाएको छ । प्रधानमन्त्रीले द्विपक्षीय संयन्त्रको वार्ताबाट बेलायती गोर्खा सैनिकको माग सम्बोधन हुने विश्वास व्यक्त गर्दै आगामी दिनमा यसले सकारात्मक नतिजा दिने बताए ।

मंगलबारै नेपाल र बेलायतबीच 'ग्रीन ग्रोथ नेपाल' र 'नेपाल इन बिजनेस' सम्बन्धी सम्झौता भएको छ । यसै क्रममा बेलायतका विकासमन्त्री मिचेलले नेपालको सामाजिक-आर्थिक विकासका लागि बेलायतले थप सहयोग गर्ने र जलवायु परिवर्तनका मुद्दामा सघन सहकार्य गर्न बताए । भेटका बेला प्रधानमन्त्रीको परराष्ट्र मामिला सल्लाहकार डा रुपक सापकोटा, नेपालका लागि बेलायती राजदूत रोव फिन, परराष्ट्र मन्त्रालयलगायत दुवै देशका उच्च अधिकारीको सहभागिता थियो ।

# कांग्रेस महासमिति बैठकमा पाँच प्रतिवेदन पेस

**टुडे समाचारदाता**

काठमाण्डु। सोमबारदेखि सुरु भएको नेपाली कांग्रेस महासमिति बैठकमा मंगलबार पाँच वटा प्रतिवेदन पेस भएका छन् । बैठकको पार्टी उपसभापति तथा उपप्रधान एवं रक्षमन्त्री पूर्णबहादुर खड्काले नीति प्रस्ताव पेस गरेका थिए ।



त्यसैगरी महामन्त्री गगन थापाले साङ्गठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रतिवेदन, कांग्रेसका प्रवक्ता तथा अर्थमन्त्री डा प्रकाशरण महतले नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समिति संयोजक श्यामकुमार घिमिरेले लेखा परीक्षण प्रतिवेदन गरेका हुन् ।

उपसभापति खड्काले कांग्रेसको आन्तरिक जीवन तथा राष्ट्रिय सन्दर्भमा उठेको प्रश्न र अप्ठ्याराको समाधान खोज्न महासमितिले नीतिगत निर्णय गर्दै अघि बढ्ने बताए । जिम्मेवार नेपाली कांग्रेस : समुन्नत देश नारा दिएर नेपाली कांग्रेसको राजनीतिक नीतिलाई अघि बढाइएको उपसभापति खड्काले जानकारी दिए । उनले भने-"मुलुकका विभिन्न युगान्तकारी परिवर्तनमा कांग्रेसको सन्तुलित समन्वयकारी र सर्वस्वीकार्य राजनीतिक नेतृत्व भूमिका विचार र नीति निर्णायक रहँदै आएको छ।"

महामन्त्री गगन थापाले साङ्गठनिक प्रस्ताव पेश गर्दै पार्टीलाई सामाजिक रूपान्तरणको संवाहक बनाउने र सामाजिक आन्दोलनसँग जोड्ने जानकारी दिए । उनले भने, "पार्टीले नेतृत्व गरेका सबै तहका सरकार सञ्चालनका लागि सुशासनलाई मन्त्र बनाइ जनतालाई निरन्तर तीनका मुद्दासँग जोडिएको अनुभुत गराउनेछौँ । अवसर पाएको बेला अब्बल सेवा प्रवाह गर्न भविष्यप्रतिको भरोसा दिलाउनेछौँ ।" महामन्त्री थापाले एक विशिष्ट परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ नेपाली कांग्रेसले पाँच दलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको जिम्मेवारी बहन गर्नुपरेको उल्लेख गरे । उनले आगामी निर्वाचनमा पार्टी एक्लै चुनाव लड्न सक्ने गरी सङ्गठनलाई बलियो बनाउने बताए ।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले सङ्घर्ष र संविधानसभाको मार्गबाट आएको नेपालको वर्तमान संविधानबाट नै सबै चुनौतीको हल गर्दै मुलुकलाई समुन्नतिको उचाइमा पुर्याउने भरपर्दो माध्यम हो भन्ने तथ्यमा नेपाली कांग्रेस स्पष्ट भएको बताए । उनले एकल बहुमत कसैको नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा कांग्रेसको रहेको बताएका छन् ।

पार्टी प्रवक्ता महतले लोकतान्त्रिक समाजवादको आर्दशलाई कांग्रेसले आत्मासात् गर्ने बताए । उनले आर्थिक वृद्धि र न्यायोचित वितरण, उपत्पादन वृद्धि र रोजगारी सृजना तथा सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुपर्ने नीतिको पक्षमा कांग्रेस अडिग रहेको जानकारी दिए। उनले अर्थतन्त्रलाई गतिशील बनाउन पहल भइरहेको बताए ।

त्यसैगरी लेखा समिति संयोजक श्याम घिमिरेले कांग्रेसको मुख्य आम्दानी सदस्यता लेभी, नवीकरण, शुल्क रहेको जनाएका छन् । कांग्रेसले आफ्नो रकम निर्वाचन, अधिवेशन, कार्यालय सञ्चालन, भ्रातृ सङ्गठन, ह्रास तथा अपलेखनमा खर्च हुने गरेको पनि लेखा समिति संयोजक घिमिरेले प्रतिवेदनमार्फत जानकारी गराएका छन् ।महासमिति बैठकमा मंगलवार पेस गरिएका प्रतिवेदनमा बुधबारदेखि छलफल हुनेछ । बैठक यही फागुन १० गतेसम्म सञ्चालन हुनेछ ।

# साझेदारी वनको काठमा अनियमितता

**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साझेदारी वनको काठ कटान गरी ठेकेदारसँग मिलोमतो गरी आर्थिक अनियमितता गरेको




अभियोगमा कपिलवस्तु जिल्ला वन कार्यालयका वन अधिकृतसहित १९ जनाविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले कपिलवस्तुका तत्कालीन वन अधिकृत कृष्णप्रसाद भट्ट, दुर्गाबहादुर कार्की र गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति कार्यान्वयन एकाइका तत्कालीन संयोजक महेन्द्रराज वाग्लेविरुद्ध रु २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको हो । सहायक वन अधिकृत बह्मदेव महतो, रेञ्जर हेमराज पण्डित, तत्कालीन सहायक वन अधिकृत शिवशङ्कर प्रसाद र सहायक वन अधिकृत टोलकराज चापागाईविरुद्ध रु २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दाबी गरेको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

आयोगले सहायक वन अधिकृतहरु लालबाबु झा, गणेशकुमार थारु र नागेन्द्रप्रसाद सिंह राजपुत, फरेष्टर रामरक्षाकुर्मी चौधरी तथा वन रक्षक सञ्जय थारुविरुद्ध रु २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दाबी गरेको छ। आयोगले वन रक्षक रामगोपाल त्रिपाठी, फरेष्टर रमतु चौधरी, वासुदेव गोडिया तथा प्रदेशसभा सदस्य जानकीप्रसाद यादवविरुद्ध रु २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दाबी गरेको छ ।

त्यस्तै गोरखा मनकामना काष्ठ फर्निचर उद्योगका सञ्चालक एकनाथ घिमिरेविरुद्ध रु नौ लाख ३९ हजार एक सय ३५ र एआर काठ दाउरा खरिद बिक्री सेन्टरका सञ्चालक गीता जिसीविरुद्ध रु १९ लाख ७३ हजार ५८ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको प्रवक्ता घिमिरेले बताए ।

# अन्तर्राष्ट्रिय विमानस्थलको सञ्चालन र निर्माण सम्बन्धमा समिति गठन

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले मुलुकका अन्तर्राष्ट्रिय विमानस्थल सार्वजनिक निजी साझेदारीमा सञ्चालन र निर्माण सम्बन्धमा सुझाव पेस गर्न पूर्वसचिवको संयोजकत्वमा अध्ययन समिति गठन गरेको छ।



मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सो सम्बन्धमा सरकारलाई सुझाव दिन पूर्वसचिव शङ्करप्रसाद अधिकारीको संयोजकत्वमा अध्ययन कार्य समिति गठन गरिएको जानकारी दिए । बैठकले नेपाल वायुसेवा निगमको संरचनागत तथा व्यवस्थापकीय सुधार गर्ने सम्बन्धमा सुझावसहितको प्रतिवेदन पेस गर्न राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीको संयोजकत्वमा अध्ययन कार्य समिति गठन गरेको छ।

मन्त्रिपरिषद्ले भरतपुर विमानस्थल विस्तारको प्रक्रिया अघि बढाउने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिए । बैठकले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच रोयल्टी बाँडफाँटका आधार विधि तथा वित्तीय हिस्सासहितका अनुसूची स्वीकृत गर्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई रकम हस्तान्तरण गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्ले तामाकोसी पाँचौँ जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन आयोजनाका लागि टावर निर्माण गर्न दोलखाको बिगु गाउँपालिका-४ मा ०.२९ हेक्टर निजी जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ। बैठकले डेडिकेटेड फिडर तथा ट्रङ्क लाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकको विद्युत् महसुलसम्बन्धी विवाद निरूपण गर्न नेपाल सरकारसमक्ष प्रतिवेदन पेस गर्न गठित जाँचबुझ आयोगको म्याद ३० दिन थप गरेको छ । बैठकले नेपाल सरकार र एसियाली विकास बैंकबीच भएको ऋण सम्झौताबमोजिम खानेपानी मन्त्रालयअन्तर्गत सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले खरिद गरेका चार सवारीसाधन खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिलाई हस्तान्तरण गर्न स्वीकृति दिएको छ।

सशस्त्र द्वन्द्वमा घाइते भई अपाङ्गता भएका व्यक्तिको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ को अध्ययन गरी दुई महिनाभित्र परिमार्जित मस्यौदा पेस गर्न गृह मन्त्रालयका सचिवको संयोजकत्वमा सरोकारवाला प्रतिनिधिसमेत रहेको समिति गठन गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिए । नेपाल र श्रीलङ्काबीच अफिसियल राहदानी बाहकलाई भिसा आवश्यक नपर्ने विषयको सम्झौता स्वीकृत गर्ने र हस्ताक्षर गर्न अख्तियारी दिने, नेपाल र बङ्गलादेशका परराष्ट्र मामिलासम्बन्धी निकायबीच संस्थागत सम्बन्ध कायम गर्ने विषयको समझदारीपत्र स्वीकृत गर्ने तथा उक्त समझदारीपत्रमा हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ।

श्रीलङ्कामा कैदबन्दी जीवन बिताइरहेका नेपाली नागरिक चेतबहादुर थापा, सुकबहादुर तामाङ र टेकबहादुर तामाङको सजाय मानवीय आधारमा आममाफीका लागि अनुरोध गर्दै राष्ट्रपति रामचन्द्र पौडेलबाट श्रीलङ्काका राष्ट्रपतिलाई अनुरोध गरी पत्र पठाउनका लागि राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरिएको मन्त्री शर्माले जानकारी दिए। बैठकले माथिल्लो अरूण जलविद्युत् आयोजनाको पहुँचमार्ग निर्माणको अपर अरूण हाइड्रो-इलेक्ट्रिक लिमिटेडलाई सङ्खुवासभा जिल्लास्थित भोटखोला गाउँपालिकामा रहेको राष्ट्रिय वन र संरक्षित वनको २१.२६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । मन्त्रिपरिषद्बाट माथिल्लो राहुघाट र राहुघाट मङ्गले २२० केभी प्रसारणलाइन आयोजनाको टावर तथा 'राइट अफ वे'को विकास निर्माणका लागि म्याग्दीको रघुगङ्गा गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको ५.०९५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय भएको छ।

यसैगरी बैठकले डाँडाखेत-राहुघाट १३२ केभी विद्युत् प्रसारणलाइन आयोजना निर्माणका लागि म्याग्दीको रघुगङ्गा, बेनी, मङ्गला मालिका र धौलागिरि गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कूल जम्मा २५.६२६ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । सुपर काबेली खोला-ए, सुपर काबेली खोला 'क्यास्केड' र काबेली-३ जलविद्युत् आयोजनाको १३२ केभी विद्युत् प्रसारणलाइन आयोजना निर्माणका लागि ताप्लेजुङ जिल्लाअन्तर्गत रहेको सिरीजङ्घा, सिदिङ्वा र पाथीभरा याङवरक गाउँपालिकाका साथै पाँचथरको हिलिहाङ गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको १४.३१३ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

> बैठकले राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने, प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० स्वीकृत गर्ने तथा विद्युतीय सुशासन आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको छ ।

यस्तै सुपर आँखुखोला जलविद्युत् आयोजनाको भौतिक पूर्वाधार निर्माण गर्न धादिङको रूबी भ्याली गाउँपालिकामा राष्ट्रिय वन क्षेत्रको ३.४१ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, सोना खोला जलविद्युत् आयोजना निर्माणका लागि ताप्लेजुङको मिक्वाखोला गाउँपालिकामा रहेको राष्ट्रिय वनको ३.६७ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने निर्णय भएको छ।

सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशक विकल पौडेलले अमेरिकाको कानूनी स्थायी आवासीय अनुमति लिएको देखिएकाले निजलाई पदबाट हटाई सोको जानकारी दिने, नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा भूपेन्द्र भण्डारीलाई नियुक्त गर्ने तथा सुरक्षण मुद्रण केन्द्रका लागि आर्थिक वर्ष २०८०/८१ को असार मसान्तसम्मका लागि अधिकृतस्तरका आठ पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको मन्त्री शर्माले जानकारी दिए।

बैठकले राष्ट्रिय सूचना प्रविधि केन्द्रको काठमाडौँ, मकवानपुर, कोहलपुर र ललितपुरका कार्यालयमा आर्थिक वर्ष २०८०/८१ को पुस १ गतेदेखि २०८१ असार मसान्तसम्मका लागि अधिकृतस्तरका २३ पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने, स्थानीय तह मातहत रहेका आँपपीपल अस्पताल गोरखा र बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्र बागलुङलाई ५० श्ययाको अस्पतालमा स्तरोन्नति गरी गण्डकी प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ।


मन्त्रिपरिषद्ले एनसेलको शेयर खरिद बिक्री भएको भनिएको सम्बन्धमा अध्ययन तथा छानबिन गर्न गठित समितिले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाउने निर्णय गरेको छ। बैठकले राष्ट्रिय प्रसारण (बाह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस गर्न स्वीकृति दिने, प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० स्वीकृत गर्ने तथा विद्युतीय सुशासन आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिएको छ।

नेपाल व्यवसाय कार्यक्रमका लागि बेलायत सरकारमार्फत प्राप्त हुने ३३.५ मिलियन पाउन्ड स्टर्लिंग अनुदान सहायता स्वीकार गर्ने तथा बेलायत सरकारबाट ग्रीन वर्थ नेपाल कार्यक्रम कार्यान्वयनका लागि प्राप्त हुने ३७.१६ मिलियन पाउन्ड स्टर्लिंग अनुदान सहायता स्वीकार गर्ने निर्णय भएको छ। बैठकले नेपालको तराई र चुरे क्षेत्रको केही भाग समेटिएको क्षेत्रलाई पूर्वबाट पश्चिमसम्म विभाजन गरिएको १० पेट्रोलियम अन्वेषण खण्डमध्ये ठेकेदारबाट पेट्रोलियम कार्य सञ्चालन गराउन स्वीकृति दिने, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र संयुक्त राज्य अमेरिकाको ट्रेडमार्क कार्यालयबीच बौद्धिक सम्पत्तिमा द्विपक्षीय सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रको मस्यौदा स्वीकृत गरेको छ।

नेपाल र अष्ट्रेलियाबीच हुने व्यापार तथा लगानी ढाँचासम्बन्धी सम्झौता (टिफा) को मस्यौदा स्वीकृत गर्ने, कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिको कर्मचारी सेवा शर्त नियमावली, २०८० स्वीकृत गर्ने बैठकको निर्णय छ। बैठकले निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरको इन्डोनेसिया भ्रमण स्वीकृत गर्ने र अध्यागमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सङ्घीय संसद्बाट फिर्ता लिन स्वीकृति दिएको छ । कोसीटप्पु वन्यजन्तु आरक्षको जग्गा सट्टाभर्नाको सम्बन्धमा सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्ने सम्बन्धमा ६ महिनाभित्र कार्य सम्पन्न गर्नका लागि पूर्वसचिव मधुसुदन अधिकारीको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरिएको मन्त्री शर्माले जानकारी दिए । बैठकले गैरआवासीय नेपाली सङ्घको लेखा तथा कामकारबाही सम्बन्धमा छानबिन गर्न गठित समितिको समयावधि म्याद समाप्त भएको मितिले ३० दिन थप गर्ने निर्णय भएको छ । मन्त्रिपरिषद्ले गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण (पहिलो संशोधन) निर्देशिका, २०८० स्वीकृत गर्ने र राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत सहसचिव (प्रा) पूर्वकुमार राईको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ।

सरकारले काठमाडौँ-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत ललितपुर जिल्लाको खोकना इलाकाको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधान गर्न गठित समितिलाई तोकिएको कार्य सम्पन्न नहुञ्जेलसम्मका लागि निरन्तरता दिने निर्णय गरेको छ। बझाङलाई केन्द्रविन्दु बनाई गत असोज १६ गते र जाजरकोट जिल्लालाई केन्द्रविन्दु बनाई गत कात्तिक १७ गते गएको भूकम्पबाट क्षतिग्रस्त जिल्लाका विद्यालयको पुनःनिर्माण गर्ने गरी केन्द्रीय आयोजना कार्यान्वयन एकाइ (शिक्षा) को कार्यक्षेत्र विस्तार गर्ने मन्त्रिपरिषद्को निर्णय छ।

केन्द्रीय कारागार अस्पताल, जगन्नाथदेवल, कारागार कार्यालय, बाँके, कारागार कार्यालय, ओखलढुङ्गा र कारागार कार्यालय, नौबस्ता बाँकेको सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने, हुलाक सेवा विभाग र अन्तर्गतका निकायको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने बैठकले निर्णय गरेको मन्त्री शर्माले जानकारी दिए । बैठकले विद्युतीय खरिद प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०८० स्वीकृत गर्ने, फौजदारी न्याय प्रशासन अध्ययन तथा सुझाव कार्यदल गठनसम्बन्धी अवधारणापत्र स्वीकृत गर्ने तथा सुरक्षित कारोबार ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिएको छ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# प्रशासनको अक्षमता

रौतहट जिल्लाको ईशनाथ नगरपालिकामा मूर्ति सेलाउन ४ दिन लगाएका अक्षम प्रशासनकै नक्कल पर्सा प्रशासनले पनि गरेको छ । ईशनाथ नगरपालिकामा मूर्ति सेलाइए पनि कर्फ्यु हटाइएको छैन् । कर्फ्यु लगाउनुको सोझो मतलव प्रशासनको अक्षमता नै हो । शान्तिसुरक्षा नियन्त्रण भन्दा बाहिर गएपछि अल्प समयका लागि कर्फ्यु लगाएर घटनास्थलमा थप सुरक्षाकर्मी परिचालन लगायतका सुरक्षा संयन्त्रलाई सुदृढ बनाउने हो । तर जनजीवनलाई नै तहसनहस बनाउन लामो समय कर्फ्यु लगाउनु प्रशासनको निरीहता पनि हो । कुनै पनि सम्प्रदायिक अथवा जातियद्वन्द्वलाई नियन्त्रण गर्न कठिन विषय होइन् । सम्प्रदायिक विवाद, झडपलाई छोटो समयमा नै नियन्त्रण गर्न प्रशासनले सक्छन् । जिल्लाको सुरक्षा संयन्त्रले मूर्ति सेलाउन ४ दिन लगायो । त्यसपछि कर्फ्युकै अवस्थामा मधेश प्रदेशका प्रहरी प्रमुख डीआईजी, सशस्त्र प्रहरीका प्रमुख डीआईजी लगायतका उच्च सुरक्षा अधिकारीहरुको सकृयतामा मूर्ति सेलाइएको हो । रौतहट जिल्लामा मूर्ति सेलाउन रोक्नेहरुलाई कारवाहीको मागगर्दै वीरगञ्ज महानगरपालिकामा भएको प्रदर्शनको क्रममा झडप गर्ने जुनसुकै समुदायका अतिवादी भए पनि पक्राउ गरी कारवाही गर्नु पर्थ्यो । तत्कालको स्थितिलाई नियन्त्रण गर्न प्रहरीले अश्रुग्यास, लाठी चार्ज लगायतका उपायहरु अबलम्बन गरेका थिए । त्यस क्रममा ११ जना सुरक्षाकर्मी घाइते पनि भए । तर पनि कर्फ्यु लगाउनु पर्ने अवस्था थिएन् । कर्फ्युलाई निरन्तरता दिएर सर्वसधारणलाई त्रसित बनाइ सास्ती दिनु ठिक होइन् । स्थानीय प्रशासनले सर्वसधारणलाई राहत दिने कार्यहरु गर्नुपर्छ । वीरगञ्जको चोकहरुमा सुरक्षाकर्मीको तैनाथी भए पनि कुनै प्रकारका हिंसा भड्किन सक्दैन् । कर्फ्यु लगाएर प्रशासनले आराम गर्न चाहेको मात्र हो । सामान्य विषयलाई अतिरञ्जित बनाउने काम पनि कर्फ्युले गर्छ । ईशनाथ र वीरगञ्जमा लागेको कर्फ्युले मधेश प्रदेशमा ठूलो भीडन्त, दंगा, हुने जोखिम रहेको नकारात्मक सन्देश फैलाइरहेको छ । नेपालमा हिन्दू र मुस्लिम नयाँ वासिन्दा होइनन् । सदियौंदेखि हुँदै दुवै सम्प्रदायका मानिसहरुसँगै बस्दै आएका छन् । उनीहरुबीच सुमधुर सम्बन्ध पनि रहँदै आएको छ । होलीमा मुसलमान र मोहर्रममा हिन्दूको सहभागिता पनि त्यसको एउटा प्रमाण हो । धार्मिक रुपमा मुसलमानमा बढि कट्टरता देखिन्छ । त्यो उसको विषय हो । सनातन धर्मालम्बीहरु बढी उदार हुन्छन् । त्यो एउटा विषय हो । विगतमा पनि हिन्दू र मुसलमान धर्मावलम्बीहरु बीचमा झै-झगडा झडपहरु भएका छन् । तर त्यो सहज रुपमा समाधान पनि भएको हो । सरस्वती माताको मूर्ति सेलाउन अबरोध गर्ने मुसलमानहरु दोषी हुन् । मूर्ति सेलाउनेहरुले कुनै उपद्रव गरे त्यसको कानुनी उपचार खोज्नु पर्थ्यो । तर बाटो नै अबरोध गर्न पाइदैन् । प्रशासनले तत्काल समाधान खोज्नु पर्छ । कर्फ्यु लम्बयाउनु ठिक होइन् ।

# कांग्रेसको महासमितिमा बहस हुनैपर्ने विषय

**डा. जितु उपाध्याय**

नेपाली कांग्रेसले स्थापना दिवस मनाएको एक महिना पनि भएको छैन । कांग्रेसले पार्टीको पहिलो अधिवेशन भएको मिति २००३ साल माघ १२ र १३ गतेलाई विशेष महत्व दिँदै स्थापना दिवस मनाउने गरेको छ ।

यसरी कांग्रेसले यस वर्ष ७७औं स्थापना दिवस मनाएको हो । पार्टीको स्थापना दिवस मनाउँदै गर्दा यतिबेला कांग्रेस महासमिति बैठकको महाकुम्भमा छ । महाधिवेशनपछिको सबैभन्दा शक्तिशाली निकाय महासमितिले कांग्रेसको आगामी कार्यनीति र कार्ययोजना तय गर्दै पार्टीलाई दिशा दिने अपेक्षा कांग्रेस नेता-कार्यकर्ताको छ भने कांग्रेसले कस्तो नीति अख्तियार गर्छ भन्ने विषयमा सत्ता गठबन्धनका दलहरूभित्र मात्रै नभएर अन्य राजनीतिक दलहरूका लागि पनि चासो र कौतूहलको विषय अवश्य बनेको छ ।

७७ वर्ष पूरा गरेको कांग्रेसको नेतृत्वमा यतिबेला संयोगले ७७ वर्ष नै पुगेका सभापति शेरबहादुर देउवा छन् भने उनका सारथिमा ऊर्जाशील र युवा दुई महामन्त्री छन् । पुरानो र अनुभवी नेतृत्वसँगै नयाँ पुस्ताको आशा र भरोसा गर्न लायक महामन्त्रीहरूको जोडीले कांग्रेसलाई आगामी दिनमा कता डोर्‍याउँछ र यो महासमितिले देशभरबाट काठमाडौंमा भेला भएका कांग्रेसका अगुवा नेता-कार्यकर्ताहरू कस्तो सन्देश लिएर गाउँ फर्किन्छन्, यसका लागि केही दिन कुर्नैपर्ने हुन्छ । तर यो महासमिति बैठकका अगाडि निकै पेचिला र अहम् मुद्दा छन्, जुन विषयमा छलफल र बहस हुन जरूरी छ ।

देशको प्रमुख राजनीतिक शक्ति, पुरानो दल अनि सत्तारुढ दल भएका कारण अहिले मुलुकले भोगिरहेका समस्या र संकटबाट यो महासमिति बैठक टाढा रहनै सक्दैन । झण्डै नौ लाख क्रियाशील सदस्य भएको कांग्रेस पार्टीमा दुई हजारको हाराहारीमा महासमिति बैठकमा देशभरबाट अगुवा नेता-कार्यकर्ता सहभागी छन् ।

### नेपाली कांग्रेस र महासमिति

विगतका महासमिति बैठकभन्दा नितान्त फरक शैली र स्वरुपमा यसपटक कांग्रेसले महासमिति बैठक आह्वान गरेको हो । पार्टी विधानमै महाधिवेशन र नीति अधिवेशनको व्यवस्था गरेको कांग्रेसले नीति अधिवेशनलाई नै महासमितिका रूपमा बोलाएको हो । महाधिवेशनमा नेतृत्व मात्रै चयन गर्ने र पार्टीको नीतिका विषयमा महासमितिमा घनीभूत छलफल गरेर ठोस कार्यनीति र कार्यदिशा बनाउने उद्देश्य लिएको यो महासमिति बैठक आह्वान भएको हो ।

उसो त विधान अनुसार महाधिवेशनको वर्ष बाहेक प्रत्येक वर्ष महासमिति बैठक बोलाउने भन्ने व्यवस्था छ तर त्यसको कार्यान्वयनमा भने कांग्रेस सधैं उदासीन देखिने गरेको इतिहास छ । यो विगतदेखिकै निरन्तरता हो । यतिबेला कांग्रेसकै आन्तरिक राजनीतिक जीवन पनि उति उत्साहजनक नदेखिएको र सत्तामा हुँदा पनि आम नेता, कार्यकर्तामा त्यसको सामान्य पनि अनुभूति नहुँदा यो महासमिति बैठकमा यस विषयमा पक्कै विमर्श गर्ने नै छ ।

उपसभापति पूर्णबहादुर खड्काको नीति प्रतिवेदन, महामन्त्रीद्वयको सांगठनिक र समसामयिक राजनीतिक प्रतिवेदनमाथि मिहिन छलफल हुनुपर्छ र देशभरबाट सहभागी महासमिति सदस्यहरूको सुझावलाई आत्मसात् गरेर आवश्यकता अनुसार प्रतिवेदनहरू संशोधन गरिनुपर्छ ।

त्यति मात्रै होइन, पार्टी पदाधिकारीमा केही पद मनोनित गर्नुपर्ने माग आएका छन् । अहिले कांग्रेसको विधान अनुसार कोषाध्यक्ष बाहेक सबै पदाधिकारी पदमा निर्वाचन हुने व्यवस्था रहेकोमा महिला प्रतिनिधित्व बढाउन पदाधिकारीमा उपसभापति र महामन्त्रीमा महिलालाई मनोनित गर्नुपर्ने माग उठेका छन् । यसको आवश्यकता र औचित्यमाथि महासमितिमा पक्कै छलफल हुनेछ र एउटा निचोडमा पुग्ने विश्वास गर्न सकिन्छ ।यतिबेला कांग्रेसको केन्द्रीय कार्यसमिति पनि जम्बो छ । अन्य मूलधारका पार्टीभन्दा संख्यात्मक हिसाबले केन्द्रीय समिति सानो भए पनि कांग्रेसको विगतको भन्दा १४औं महाधिवेशनबाट निर्वाचित कार्यसमिति दोब्बर ठूलो हो ।

त्यसकारण कतिपय पदाधिकारी र केन्द्रीय सदस्यहरूले आफूहरूको जिम्मेवारीका बारेमा अनभिज्ञता प्रकट गर्दै पार्टी विधानमै स्पष्ट व्यवस्था गर्नुपर्ने माग गर्दै आएका छन् । यस विषयमा पनि महासमिति बैठकले एउटा निचोड निकाल्नैपर्ने हुन्छ । केन्द्रीय कार्यसमितिलाई चलायमान बनाउन र उनीहरूको भूमिकालाई स्पष्ट पार्न जरूरी छ ।




केन्द्रदेखि वडा तहसम्म गरी कांग्रेसका झण्डै आठ वटा वैधानिक पार्टी संरचना छन् । उनीहरूको गतिशीलता, क्रियाशीलता र प्रभावकारिताका विषय पनि महासमिति बैठकमा छलफलका एजेण्डा हुनैपर्छ । किनकि पार्टीका सबै संरचनाको प्रभावकारी परिचालन र समन्वय विना संगठन क्रियाशील बन्न सक्दैन । नत्र पदमा बस्ने तर जिम्मेवारीबोध नगर्ने प्रवृत्तिले पार्टीलाई गतिहीन बनाउँदै लैजान्छ । पार्टी कमिटीलाई जनतासँग जोड्ने बलियो माध्यम बनाउने गरी स्पष्ट कार्यक्रम ल्याउन ढिलाइ गर्नुहुन्न ।

### महासमिति भेलामा छलफलका विषय
### राष्ट्रिय मुद्दामा स्पष्टता

यतिबेला देशमा विभिन्न खालका ध्रुवीकरणहरू देखिन थालेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको झण्डै डेढ दशक पुग्नै लाग्दा यतिबेला विभिन्न खालका राजनीतिक, सामाजिक, धार्मिक र साम्प्रदायिक मुद्दाहरू सतहमा देखिएका छन्, यसका विषयमा कांग्रेसले स्पष्ट रूपमा आफ्नो दृष्टिकोण सार्वजनिक गर्नुपर्छ । संविधानमा व्यवस्था गरिएको धर्मनिरपेक्षताको विषयमा देशमा असन्तुष्टिहरू बढ्दै गएका छन् । जातीय राज्य नामकरणको विषयले कोशी प्रदेश निरन्तर अशान्त छ । गणतन्त्रमाथि नै प्रश्न उठेका छन् । संघीयताको औचित्य र आवश्यकतामाथि खुलेरै बहस सुरु भएका छन् । यस विषयमा कांग्रेस अब मौन रहनु किमार्थ जायज हुँदैन ।

कांग्रेसभित्रै एक समूह देशमा हिन्दु राज्यको मुद्दा लिएर अगाडि बढेको छ । महासमिति बैठकमै हस्ताक्षर अभियान चलेको छ । एकातिर संविधान निर्माणदेखि कार्यान्वयनको अगुवाइ कांग्रेस धर्मनिरपेक्षताको पक्षधर छ भने अर्कोतर्फ पार्टीकै नेताहरू हिन्दु राज्यको मुद्दालाई अगुवाइ गर्दै आएका छन् । यसले पार्टीको नीतिका विषयमा जनस्तरमा मात्रै होइन, आन्तरिक पार्टी जीवनमा अन्योल सिर्जना भएको छ । महासमिति बैठकमा यस विषयमा खुलेर बहस हुन जरूरी छ । धर्मनिरपेक्षताको मुद्दामा पार्टीको अडान के हो, स्पष्ट बनाउने बेला आएको छ ।

### शासकीय स्वरूप

हाम्रो जस्तो संसदीय व्यवस्था भएको मुलुकमा पूरा कार्यकाल सरकार सञ्चालनको विषय असम्भव जस्तै देखिन्छ । बीपी कोइरालाको दुई तिहाइको सरकारदेखि २०७४ सालको निर्वाचनमा कम्युनिष्ट पार्टीहरूबीचको चुनावी तालमेलबाट झण्डै दुई तिहाइको सरकार पनि पूरा पाँच वर्ष टिक्न नसक्नु दुर्भाग्य हो । एकल पार्टीको बहुमत हुँदा सरकार सञ्चालनमा आउने अवरोध र व्यवधानले राज्यका सम्पूर्ण प्रणालीलाई नै खलबल्याउने गरेको जगजाहेर छ ।

संसद्बाट निर्वाचित प्रधानमन्त्रीको ध्यान मुलुकको विकासभन्दा पनि सत्ता टिकाउने र मन्त्री रिझाउनेमै बढी व्यतित हुनुपर्ने परिस्थितिको सिर्जना हुनु विडम्बना हो । त्यसकारण पाँचवर्षे पूरा कार्यकाल काम गर्न सक्ने शासकीय व्यवस्थाको सुनिश्चितताका लागि पनि कांग्रेस जस्तो जिम्मेवार दलले सोच्ने बेला आएको छ । आलोपालो शासन चलाउने कुराले मुलुकको दीर्घकालीन हित गर्न सक्दैन । नेपाल विकासमा पछिपर्नुको प्रमुख कारणमध्ये यो महत्वपूर्ण कारण हो । तसर्थ शासकीय स्वरुपका विषयमा कांग्रेसले उपयुक्त बाटो अपनाउन जरूरी छ ।

### निर्वाचन प्रणाली

अहिलेको निर्वाचन प्रणालीले कुनै पनि दलको बहुमत आउने सम्भावना देखिँदैन । समानुपातिक र प्रत्यक्ष निर्वाचन प्रणालीले गर्दा बहुमतको सरकार नबन्ने स्थितिमा फेरि मिलिजुली सरकार बनाउनुपर्ने बाध्यता स्वाभाविक हो । हङ पार्लियामेन्टमा जहिले पनि सरकार गठन विघटनको जोड-घटाउमै दलहरूको ध्यान जाने र सत्तापक्ष जसरी पनि सत्ता टिकाउन जस्तोसुकै गलत प्रवृत्तिसँग पनि सम्झौता गर्नुपर्ने परिस्थितिको अन्त्य गर्न जरूरी छ ।संसद्मा ठूलो दल भन्दा पनि बहुमतका लागि अंक जुटाउन सक्ने सानो दलले पनि सरकारको नेतृत्व गर्न सक्ने अहिलेको निर्वाचन प्रणालीका कारण पनि जनतामा सरकारप्रति असन्तुष्टि पैदा गरेको हो । तसर्थ प्रतिनिधिसभामा समावेशिताको सुनिश्चितता गर्दै पूर्ण रूपमा प्रत्यक्ष निर्वाचनको व्यवस्था गर्ने र राष्ट्रिय सभालाई पूर्ण समावेशी बनाउन सके अहिलेको अस्थिर राजनीतिबाट देशले मुक्ति पाउँथ्यो कि !

### संघीयता

मुलुकको आवश्यकताभन्दा पनि कतिपय राजनीतिक मुद्दाको सम्बोधनका लागि ल्याइएको संघीयताप्रति नागरिक तहमा चर्को असन्तुष्टि देखिएको छ । संघीय र स्थानीय तह विगतकै संरचना भए पनि प्रदेश संरचनाप्रति नागरिकहरू खुसी देखिँदैन । सानो र गरिब मुलुकमा प्रदेश संरचनाले खर्च बढाएको तर प्रदेशले आफ्नो औचित्य पुष्टि गर्न नसकेको भन्दै आलोचना भइरहेको छ ।नेताहरूको व्यवस्थापन गर्न प्रदेश सरकारको व्यवस्था गरिएको आरोप संघीयता विरोधीको छ । तर यसलाई गलत सावित गर्न न प्रदेश सरकारले सकेको छ न त संघीयता पक्षधरहरूले नै । त्यसकारण संघीय प्रणालीमा मुलुक गएको छोटो समयमा पनि यसको औचित्यतामाथि प्रश्न उठ्नु सामान्य विषय हुँदै होइन । त्यसकारण कि दलहरूले प्रदेशको प्रभावकारितामा जोड दिन सक्नुपर्छ नत्र नागरिक तहमा उठेका आशंकाहरूको सम्बोधन गर्नुपर्छ तर मुलुकलाई सधैं राजनीतिक प्रयोगशाला बनाइराख्न मिल्दैन ।

### युवा पलायन

'ग्लोबल भिलेज' को मान्यतालाई आत्मसात् गर्ने हो भने देश छोड्ने कुरालाई सामान्य रूपमा लिइन्छ । तर नेपालको पछिल्लो तथ्यांकलाई हेर्ने हो भने यो सामान्य विषय भनेर आँखा चिम्लन पनि सकिँदैन । नेपालको अध्यागमन विभागका अनुसार सन् २०२३ मा नेपालबाट स्थायी बसोबास गर्ने गरी विदेश जानेको संख्या ७० हजार ९१५ छ । अध्ययनको लागि एक लाख ८ हजार ५४२, अस्थायी बसोबास भिसामा ९२ हजार ३४९ र स्थायी बसोबास भिसामा ७० हजार ९१५ र डिपेन्डेन्ट भिसामा २० हजार ६१३ जना युवा नेपाल बाहिर गएका छन् ।सरकारको अनुमानित तथ्यांकले भन्छ, ५० लाख नेपाली देश बाहिर छन् । पछिल्लो समय त श्रम र अध्ययनका लागि मात्रै नभई, स्वदेशमै राम्रो कमाइ गरिरहेका व्यक्तिहरू पनि पलायन हुने संख्या बढ्दै जानु चिन्ताको विषय हो । यस विषयमा महासमिति बैठकमा गम्भीर छलफल गर्दै सरकारले स्पष्ट सुझाव सहितको कार्ययोजना दिन जरूरी छ ।

### सार्वजनिक शिक्षा र स्वास्थ्य

आज नेपालको सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाका विषयमा धेरै भनिरहनुपर्दैन । दूरदराजदेखि शहरका सार्वजनिक शिक्षालयहरूमा विद्यार्थीको संख्या अत्यन्तै न्यून छ । एकाध विद्यालयलाई छोड्ने हो भने सरकारी सामुदायिक विद्यालयमा आफ्ना सन्तानलाई पढाउन हरकोही अभिभावक खोजिरहेको छैन ।एकातिर सामुदायिक विद्यालयले विद्यार्थी नपाउने अवस्था छ भने नेपालका कलेज र विश्वविद्यालयको हविगत पनि फरक छैन । त्यसकारण सार्वजनिक शिक्षामा सुधार नभएसम्म मुलुकले दीर्घकालीन विकासको बाटो पछ्याउन सक्दैन । त्यस्तै सहज र गुणस्तरीय स्वास्थ्य सेवा आम नागरिकको पहुँचमा पुग्ने व्यवस्थाको सुनिश्चितताका लागि पनि कांग्रेस जस्तो जिम्मेवार दलले भूमिका खेल्नैपर्छ ।

सातवटा मध्ये चार वटा प्रदेश सरकारको नेतृत्व, संघीय सरकारमा महत्वपूर्ण जिम्मेवारीमा रहेको र स्थानीय तहमा पहिलो पार्टी बनेको कांग्रेसले नागरिक तहमा देखिएका तमाम असन्तुष्टि र निराशालाई चिर्दै पार्टी र राज्यप्रति आशा बढाउने गरी यो महासमिति बैठकबाट सन्देश दिन सक्नुपर्छ । नत्र विधानको पालना गर्न मात्रै बोलाइने यस्ता छलफल र बैठक कर्मकाण्डी मात्रै हुनेछन्, यसले कांग्रेसको राजनीतिक जीवनलाई मात्रै होइन, मुलुककै समग्र प्रणालीलाई कमजोर बनाउन सक्नेतर्फ पार्टी नेतृत्व, सिंगो केन्द्रीय कार्यसमिति र महासमिति सदस्यहरूले ध्यान दिन जरुरी छ ।

# रासस प्रजातन्त्रको बिरासत



**कुलचन्द्र वाग्ले**

राष्ट्रिय समाचार समिति (रासस) प्रजातन्त्रको बिरासत हो । समाचार समितिको इतिहासले नेपालको राससलाई प्रजातन्त्रको उपलब्धिसँग जोडिने पहिचान दिएको छ । राणा शासनको अन्त्यसँगै उदाएको खुला परिवेशमा नेपाली समाजले विविध क्षेत्रमा स्वतन्त्र कदम बढाउन थाल्यो भने उन्नयनको लागि प्रतिस्पर्धाको स्तर ह्वात्तै बढेर गयो । रासस यही बेलाको उपलब्धि हो ।

नेपालमा समाचार समितिको स्थापना र इतिहास विश्वकै हाराहारीमा देखिन्छ । पत्रकारितालाई थप फराकिलो फाँटमा विस्तार गरेको राष्ट्रिय समाचार समितिको सन्दर्भ प्रजातन्त्रसँग न्याश्रित छ । प्रजातन्त्रसँग धेरै विषयको विरासत त्यसरी नै जोडिएको छ, जसरी राससको । यो अध्ययनको कुरा भयो । जे होस्, फागुन ७ गते मुलुकले मनाउने प्रजातन्त्र दिवसकै दिन राससले स्थापना दिवस मनाएर अन्योन्याश्रित सम्बन्धको उद्‌बोध दिएको छ । नेपालमा भन्दा १२ वर्षअघि मात्रै विश्वमा समाचार समिति पत्रकारिता सुरु भएको अभिलेख छ ।

आजभन्दा ७३ वर्षअघि फागुन ७ गते नेपाली जनताले प्रजातन्त्र स्थापना गरे । नेपाली समाजमा जाग्रत स्वतन्त्रताको अपेक्षालाई नेपाली कांग्रेसले नेतृत्व दियो र सुरु आन्दोलनले शताब्दी लामो राणा शासनको अँध्यारो युगलाई २००७ फागुन ७ ले इतिहासको रौरब गर्तमा अङ्कित गरिदियो । जनताको लागि बन्द सबै ढोकाहरु त्यही दिनले खोल्यो र नेपाली समाजले मुक्त अकाश पायो । आधुनिक नेपालको चिन्तन विविधता र हाम्रो बहुल सांस्कृतिक वैशिष्ठ्यको खुला यात्रा यहीबाट निर्वाध सुरु भयो । बीचमा रोक्न खोजे पनि अहिले नेपाली समाज उभिएको चिन्तनधरा त्यही फागुन ७ ले दिएको देन हो । यदि फागुन ७ को पाना पल्टाएर छोप्ने हो भने नेपाल भन्नोस् वा हाम्रो आधुनिक इतिहासको प्रारम्भ विन्दु भेटिने छैन । आधुनिक सोचको निर्वाध युगको उदय कहिले भयो त्यो ठम्याउने पाठ पढ्न पाइने छैन ।

राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक लगायत अनेक विषयमा प्रजातन्त्रले नयाँ आयाम, गति र गन्तव्य देखाएको हो । सामाजिक विकास र विस्तारको यही समयमा पत्रकारिताले पनि नेपालमा फड्को मारेको छ । निजी पत्रपत्रिका छापिन सुरु भए । यही क्रममा समाचार समितिहरुको पनि आगमन भयो । रेडियो नेपाल त यसअघि नै प्रजातन्त्र ल्याउन बजेको हो ।

नेपाल संवाद समिति (नेसस) २०१६ को पुस १ गते स्थापना भयो । २०१७ साल बैशाख १० गते सगरमाथा संवाद समिति (ससस) ले मूर्तरुप पायो । यी दुई समिति पत्रकारितामा क्रियाशील सम्पादकहरुको निजी संलग्नतामा स्थापित भएका हुन् । राजा महेन्द्रले पहिलो जननिर्वाचित संसद् र प्रधानमन्त्री बीपी कोइराला नेतृत्वको सरकार विघटन तथा प्रजातन्त्रको २०१७ पुस १ गते हरण गरेपछि राष्ट्रिय संवाद समिति गठन गरिएको हो ।

राष्ट्रिय संवाद समितिले २०१८ फागुन ७ गतेबाट समाचार प्रकाशन शुरु गर्‍यो । यसअघि स्थापित र यो समिति गाभिए । २०२८ सालमा 'संवाद' भनिने ठाउँ 'समाचार' भनिन थालियो र बन्यो अहिलेको राष्ट्रिय समाचार समिति । तर गाभिएर बन्नुअघिको बिरासतलाई अस्वीकृत गर्दै राससको स्थापना दिवस २०१८ साल फागुन ७ गते दर्ज गरियो । राजा महेन्द्रले सोचेको निर्दलीय पञ्चायती सत्ताले त्यो बिरासत अस्वीकृत गरेको हो । यही कारण रासस यस वर्ष ६३ औं स्थापना दिवस मनाउँदैछ ।

सत्ताले स्वीकृत अस्वीकृत गर्ने एउटा कुरा हो तर इतिहास त इतिहास नै हो । इतिहास सत्ताभन्दा स्वतन्त्र हुनसक्छ । यही कारण अहिलेको यथार्थ राष्ट्रिय समाचार समिति भए पनि नेसस, ससस र राससको इतिहास मर्ने होइन, मार्न सकिने भएन ।

राजा महेन्द्रले पञ्चायती कलेवर दिएको राससमा प्रजातन्त्रको समयमा जन्मिएका नेसस, ससस र राससको भ्रूण अविच्छिन्न छ । त्यसैले रासस प्रजातन्त्रको विरासत (लिगेसी) हो । तानाशाह शासकले जनतालाई सम्मोहित गर्न मुख्यतः दुईओटा सूत्र रटान गर्छन् । एक राष्ट्रियता,दुई विकास । नेपालको सन्दर्भमा प्रजातन्त्र थपेर यस्ता सूत्र तीनओटा सुनाइए । यही कारण हो प्रजातन्त्र दिवस फागुन ७ गते राससको पनि स्थापना दिवस बनाइयो र मनाइयो । बिरासत वा जो, जे कारण भए पनि अब यो दिवस स्थापित नै भयो । इतिहास अध्ययनको विषयमा गयो ।

राणा दमनको १०४ वर्षे शासन र पञ्चायती राजतन्त्रको ३० वर्षे निर्दलीय शासनले प्रजातन्त्रलाई बन्दी बनाएको थियो । प्रजातन्त्रमा जन्मिएको समाचार समिति, प्रजातन्त्र ल्याउन स्थापना गरिएको रेडियो नेपाल र राणाकालको गोरखापत्र (गोर्खापत्र) वा राजा कालको नेपाल टेजिभिजन यी सबै सञ्चार-पत्रकारितालाई राजतन्त्रले सरकारी भनिने बानी पारिदियो ।

जब कि यी सञ्चारपत्रकारिताका संस्था सार्वजनिक संस्था हुन् वा राज्य संरक्षित र प्रबर्द्धित संस्था हुन् । सरकार यही राज्यको शीर्ष एक अङ्ग मात्र हो, राज्य सञ्चालक सरकार । सरकारी भनिनुले शासन सत्तालाई हेर्न, भन्न पाउने आलोचनात्मक चेतलाई बोधो पार्ने र पत्रकारिताको स्वायत्त सत्तामाथि खुकुरी झुन्ड्याउने सरह भयो । गरियो यही ।

नेपाल राज्यको समाचार समिति (रासस) विभिन्न सञ्चार- पत्रकारिता माध्यमहरुको समाचार स्रोत हो । यति मात्रैमा रासस सीमित छैन । यो अन्तर्राष्ट्रिय समाचार समितिहरुको समकक्षी र समाचार स्रोत पनि हो । एक आपसी समाचार आदान-प्रदान गर्ने अन्तर्राष्ट्रिय भाइचार समेत राष्ट्रिय समाचार समितिले कायम गरेको छ ।

पत्रकारिता समाचार र विचार प्रवाहको माध्यम हो । भाषा समाचार, विचारको वाहक माध्यम मात्र । पत्रकारिताको लागि चल्तीको जुनसुकै भाषा पनि माध्यम हुनसक्छन् । राससले खासमा नेपाली र अङ्ग्रेजीलाई आफ्नो प्रवाहको माध्यम भाषा बनाएको छ । पत्रकारिताको विकास शृ‌ङ्खला लामा अनेक कडी जोडिएका छन् र यही कडीमा कार्टुन पत्रकारिता थपिएको पनि धेरै बर्ष भयो ।

झण्डै ६५ वर्ष पार गरेको नेपालको समाचार समिति पत्रकारिताले असङ्ख्य समाचार, तस्बिर प्रवाह गरिसकेको छ । यस बीच विधा घोषित गरिएको 'बिट'वा विषयगत रिपोर्टिङ र विचारले पहिचान पनि पाएको छ । अनेकौं विधामा राससले सेवाग्राही पाठकलाई समाचार वा आफ्ना उत्पादनहरु दिएको छ । ती उत्पादनहरुले पाठकको ज्ञान र जानकारीमा कति ऊर्जा थप्यो होला ? समाज विकासको क्रममा कति योगदान पुग्यो होला र राज्य, सरकारलाई राससले कति पाठ पढायो होला ? लेखा खोज्न सम्भव छैन ।

पत्रकारितामा छापा, विद्युतीय वा श्रव्यदृश्य माध्यमहरु विभिन्न प्रकारका छन् । यस्ता सबै माध्यमका बीच पनि आआफ्नो समाचार समिति विश्वका प्रायः सबै मुलुकमा सञ्चालित छन् । लोकतान्त्रिक र अलोकतान्त्रिक वा स्वतन्त्र र बाधितजस्तो शासन सत्ता भएको देशमा पनि समाचार समितिहरु छन् ।

फरक, लोकतन्त्रमा समाचार समिति र पत्रकारिताको स्वायत्त बढी फराकिलो छ । तर लोकतान्त्रिक नेपालमा चाँहि सरकारी सत्तासँग जोडिने पत्रकारिता साँघुरै घेरामा बाँधिएको छ । सत्तालाई अलिकति चेताउन खोजे वा खोज्नेहरु विरुद्ध एकथरि चुक्लीखोरहरु दौडेर मन्त्री, सचिव र सरकारी ताबेदारको कान फुस्फुसाउन पुग्दा रहेछन् ।

जुनसुकै भाषामा गरिने भए पनि पत्रकारिताले सम्बन्धित भाषा साहित्यको विस्तार र विकासमा पनि योगदान पुर्‍याएकै हुन्छ । राससले पनि आफ्नो लामो र सक्रिय उमेरमा त्यो काम गरेकै छ । पत्रकारितामा चुनौती र समस्या छन् । यी थपिन्छन् पनि । रासस यस्तो अवस्थाबाट मुक्त छैन । चुनौती सामना गर्दै यहाँसम्म आएको राष्ट्रिय समाचार समितिले निकै लामो यात्रा तय गर्नैछ ।

अव्यवस्थित सामाजिक सञ्जालले पत्रकारितालाई थप चुनौती थोपरी दिएको छ तर सञ्जाल होस वा जेसुकै पत्रकारितालाई समाचार स्रोत चाहिन्छ । यही नै विचारको स्रोत हुन् वा बनाइन सकिन्छ । सधैंजस्तै चुनौती सामना गर्दै रासस अगाडि बढिरहने विश्वासका साथ वार्षिकोत्सवको शुभकामना । (लेखक राससका पूर्व अध्यक्ष हुनुहुन्छ)

# गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्न मुख्यमन्त्री शर्माको आग्रह

**टुडे समाचारदाता**

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णालीमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तारमा जोड दिनुपर्ने बताएका छन् । कर्णाली प्रदेश अस्पतालको १८औं स्थापना दिवस कार्यक्रमलाई सोमबार सम्बोधन गर्दै उनले यहाँका नागरिकको स्वास्थ्य अवस्थालाई सुरक्षित बनाउन अस्पताल प्रशासनको विशेष हात रहेको बताए ।

"धेरै अस्पतालले बिरामी बढ्दा सेवामा प्रभाव बढेको ठान्छन्," उनले भने, "बिरामी होइन, हामीले रोग बढ्न नदिने गरी गुणस्तरीय सेवाको विकास र विस्तार गर्नुपर्दछ ।" प्रदेश सरकारले दशवटै जिल्लामा स्वास्थ्य सेवाको विकासमा विशेष जोड दिएको बताउँदै सङ्घीय सरकारको केन्द्रीकृत मानसिकताले केही अप्ठ्यारो परेको टिप्पणी गरे । उनका अनुसार स्वस्थ र शान्त नागरिकमात्र समाजमा खुसी र सुखी हुन सक्छ । नेतृत्वले त्यो वातावरण निर्माणतर्फ सोच राख्नुपर्दछ। अस्पतालको सेवा वृद्धि र जनशक्ति व्यवस्थापनमा सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।

नेकपा (एमाले) कर्णाली प्रदेशसभा दलका नेता यामलाल कँडेलले प्रदेश अस्पताल प्रदेश सरकारको बजेटमा उच्च प्राथमिकतामा परेको जनाए । उनले भने, "नागरिक सेवा सर्वसुलभ बनाउन गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरौं । जनसरोकारका सवालहरुलाई बृहत् रूपमा छलफलको विषय बनाऔं ।"

आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णबहादुर जिसीले कर्णाली प्रदेश अस्पताल प्रदेश सरकारको गर्व गर्न लायक स्वास्थ्य संस्था बन्दै गएकाले यसलाई विशिष्ट स्वास्थ्य संस्थाका रुपमा विकास गर्नुपर्ने सुझाए । कर्णाली सरकारका प्रमुख सचिव चुडामणि पौडेलले अस्पतालको सेवालाई आधुनिकीकरण गरी विशेषज्ञ सेवालाई गाउँमा पुऱ्याउनुपर्ने सुझाव दिए ।

प्रदेश अस्पतालका निर्देशक डा डम्बर खड्काले आठ वर्षको कार्यकालमा आठ उपलब्धि हासिल गरेको बताए । भौतिक पूर्वाधारमा भएको विकास, जनशक्तिको पर्याप्तता, आधुनिक स्वास्थ्य उपकरण जडान, अस्पतालको सेवामा सुधार तथा विस्तार, जटिल खालका रोगको निदान तथा उपचारमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान र कोरोना महामारीसँगको साहसिक लडाइँ, अस्पतालको सर्वाङ्गीण विकासका लागि सरोकारवालासँगको प्रगाढ सम्बन्ध र सहकार्य तथा यी सबै प्रयासबाट आर्जित जनविश्वास प्रमुख उपलब्धि भएको उनले बताए ।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाको उपकुलपति डा मङ्गल रावलले पश्चिम नेपालको हिमाली क्षेत्र अवस्थित प्रतिष्ठान र प्रदेश अस्पतालबीचको सहकार्यले कर्णालीका नागरिकको स्वास्थ्य अवस्था जुरुक्कै माथि उठ्ने बताए । उनले भने, "बिरामी चाप बढ्नुले कतै हामीले नागरिकलाई आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन सकेनौँ कि भन्नेबारे गम्भीररुपले सोच्नै पर्दछ ।"

प्रतिष्ठानमा ९० भन्दा बढी विशेषज्ञसहित तीन सय ५० जनशक्ति रहेको जनाउँदै उपकुलपति रावलले ग्रामीण स्वास्थ्यको अध्ययन केन्द्र जुम्ला बन्ने जिकिर गरे । प्राज्ञिक संस्था र अस्पताल दुवै एक अर्काका परिपूरक भएकाले प्रतिष्ठान जुम्ला र प्रदेश अस्पताल सुर्खेतको सहकार्य अपरिहार्य रहेको उनको भनाइ थियो ।

# शान्ति सैनिकले आतङ्कवादको खतरा सामना गर्नुपरेको: प्रधानमन्त्री

**"संयुक्त राष्ट्रसंघको शान्ति स्थापना कार्यको विश्वास र वैधानिकता कायम राख्न नयाँ जटिल चुनौतीहरुका माझ विश्वमा कसरी शान्ति प्रदान गर्ने भनेर हामीले पुन:मूल्याङ्कन गर्नुपर्ने भएको छ"**

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान विश्वमा देखिएका जातीय तनाव र आतङ्कवादका विभिन्न कारकबाट सञ्चालित जटिल द्वन्द्वका कारण शान्ति स्थापनार्थ खटिएका सैनिकले खतराको सामना गर्नुपरेको बताएका छन् ।



'चौथो शान्ति प्रयास' अभ्यासको मंगलबार यहाँ उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले बहुस्तरीय प्रकृतिका द्वन्द्वका विषयमा हामीहरू सचेत हुनुपर्ने बताए । शान्ति स्थापनाकार्य जटिल राजनीतिक-सैन्य-मानवीय प्रयासका रूपमा विकसित भएको उल्लेख गर्दै उनले शान्ति सैनिकले अझ धेरै बुझ्नुपर्ने र तयारी गर्नुपर्ने अवस्था आएको बताए ।

"संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना कार्यको विश्वास र वैधानिकता कायम राख्न नयाँ जटिल चुनौतीहरूका माझ विश्वमा कसरी शान्ति प्रदान गर्ने भनेर हामीले पुनःमूल्याङ्कन गर्नुपर्ने भएको छ", प्रधानमन्त्रीले भने । शान्ति स्थापनाको महत्वलाई अतिरञ्जित गर्न नहुने बताउँदै उनले त्यसका लागि मानवताको गहिरो भावना र प्रतिबद्धतालाई जोगाउन हस्तक्षेपको तत्परता आवश्यक पर्ने उनले बताए । खतराको ठूलो सामना गरेर शान्ति सैनिकले मानवताको गहिरो भावना र प्रतिबद्धतालाई मूर्तरूप दिइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले शान्ति सैनिकले गरेका त्यस्ता प्रयासको गहिरो प्रभाव परेको छ भने ।

"यस अवसरमा म विश्वभर शान्तिको खोजीमा बलिदान दिने बहादुर शान्ति सैनिकहरूप्रति सम्मान एवं श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु", प्रधानमन्त्री दाहालले भने, "उहाँहरूको निस्वार्थ कार्य र समर्पणभाव हामी सबैका लागि प्रेरणको स्रोत हो ।"

उनले कठिन चुनौतीको सामना गर्दै वीरता र करुणका साथ सेवा जारी राख्ने शान्ति सैनिकहरूको प्रशंसा गरे । नेपालले अन्तर ष्ट्रिय मञ्चहरूमा शान्ति र समानताका लागि निरन्तर र जोडदाररूपमा वकालत गरेको र आगामी दिनमा पनि गर्ने स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले भने, "नेपालको प्रतिबद्धता विश्वमा शान्ति र सद्भावको चाहनामा निहित छ ।"

नेपालले विश्व शान्ति, प्रगति र समृद्धिमा संयुक्त राष्ट्रसङ्घको महत्त्वपूर्ण योगदानको प्रशंसा गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रसङ्घको शान्ति प्रयासमा नेपालले दृढतापूर्वक प्रतिबद्धता जनाउँदै आएको स्पष्ट पारे । उनले विश्वमा शान्ति स्थापना नेपालको विदेशनीतिको महत्त्वपूर्ण अङ्ग रहेको बताउँदै यस कार्यको विश्वले प्रशंसा गरेको पनि स्मरण गरे ।

नेपालले हाल संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा सबैभन्दा धेरै सेना र प्रहरी खटाउने गरेको र थप १० हजारसम्म तालिमप्राप्त सेना परिचालन गर्ने वाचा गरेको तथ्यलाई जोड दिएकोप्रति गर्व महसुस भएको उनले बताए ।

# महामन्त्री शर्माको प्रतिवेदनमा लोकतन्त्रको विकल्प समुन्नत लोकतन्त्र

**टुडे समाचारदाता**

पाटन । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले जारी महासमिति बैठकमा समसामयिक राजनीतिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै लोकतन्त्रको विकल्प समुन्नत लोकतन्त्र भएको उल्लेख गरेका छन् ।

महामन्त्री शर्माले भनेका छन्, "सङ्घर्ष र संविधानसभाको मार्गबाट आएको नेपालको वर्तमान संविधाननै सबै चुनौती हल गर्दै मुलुकलाई समुन्नतिको उचाइमा पुऱ्याउने भरपर्दो माध्याम हो भन्ने तथ्यमा नेपाली कांग्रेस स्पष्ट छ ।"

महामन्त्री शर्माले अहिलेको गठबन्धन फरक मतको चुनौतीपूर्ण सहयात्रा भएको उल्लेख गर्नुभएको छ । उनले भनेका छन्, "पटक पटकको संसद् विघटन र संविधानको रक्षका लागि मुख्य दलहरू गत निर्वाचनमा एक भएर मैदानमा होमिएका थिए । त्यो गठबन्धनबाट उपलव्धि हासिल भएको छ तर, पनि असन्तुष्टी र चुनौतीहरू बढ्दै गएको देखिन्छ ।"प्रतिवेदनमा महामन्त्री शर्माले हालको गठबन्धन आगतको सम्झौता नभइ विगतले बोकाएको अभिभारा भएको उल्लेख गरेका छन् । एकल बहुमत कसैको नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभार कांग्रेसको रहेको बताए ।

महामन्त्री शर्माले सरकारको प्रभावकारिता र कमजोरीमाथि खुलेर छलफल गर्नुपर्ने र कांग्रेसले सम्हालेका मन्त्रालयको प्रगति र कमजोरीको पनि समीक्षा गर्नुपर्ने बताएका छन् । "वर्तमान अवस्थामा नेपाली समाजमा देखिएका असन्तुष्टी र पीडाको पहिचान यही समाजले बनाएको सबैभन्दा ठूलो दलको महासमिति बैठकले गर्नुपर्छ र त्यसलाई क्रमश समाधान गरेर जाने सङ्कल्प र दृढता राख्नुपर्छ", उनले लेखेका छन् ।

महामन्त्री शर्माले राजनीतिकप्रतिको विकर्षण अन्त्य गरी देशप्रति भरोसा वृद्धि गर्ने, छिमेकी मित्रराष्ट्रसँग वृहत्तर सहकार्य गर्ने, पर्यावरण रक्षासहित भौतिक विकासमा जोड दिने, शिक्षा क्षेत्रमा सुधार गर्ने कार्यभार कांग्रेसको जिम्मेवारी रहेको बताए ।

यदाकदा उग्र राष्ट्रवाद देखिने गरेको उल्लेख गर्दै महामन्त्री शर्माले भने, "उग्र राष्ट्रवादका कारण बाह्य लगानीको वातावरणलाई विगतमा परेका असरहरूले छोडेका प्रभावको पृष्ठभूमिमा फेरि त्यस्तो स्थिति आउन नदिन गम्भीर सर्तकता अपनाउन जरूरी छ ।"

# 'विकास र समृद्धिका लागि निर्वाचनमा एउटा दललाई बहुमत दिलाउनुपर्छ'

काठमाण्डु । देश विकास, दिगो शान्ति स्थापना र भ्रष्टाचारविहीन समाज निर्माणका लागि नेकपा (एमाले) सदनमा प्रभावकारी भूमिका खेल्न तयार छ । सरकारले संसद्लाई प्रभावकारी तुल्याउन यसपटक पनि पर्याप्त विधेयकहरू उपलब्ध गराएर बिजनेस दिने सम्भावना कम देखिसकिएको छ । अहिले संसद्को अधिवेशन चालु छ । तत्काल निष्कर्षमा पुर्याउनुपर्ने पुराना र महत्त्वपूर्ण विधेयकको स¬ख्या धेरै छ । हिउँदे अधिवेशन सुरु भएको यतिका दिन भइसक्यो बिजनेस नपाएर सदन कानुन निर्माणको पाटोबाट प्रभावकारी बन्न सकेको छैन ।

सरकारले सदनलाई बिजनेस नदिएकै कारण गएका दुईवटा अधिवेशन र एकवर्षे कार्यकाल उपलब्धिमूलक भएन । तथापि, प्रमुख प्रतिपक्षी दलका नाताले विभिन्न कोणबाट सरकारलाई घच्घच्याउने काम भने निरन्तर गरिनैरह्यौं । सरकार अहिले पनि गठबन्धन जोगाउनमात्र केन्द्रित छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र र सङ्घीयताको स्थायित्व र विकासका लागि छिटोछिटो कानुन बनाएर अघि बढ्नुपर्छ । विगतको द्वन्द्वको घाउ अन्त्य गर्न सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता व्यक्तिको छानबिनसँग जोडिएका कानुन पीडितलाई न्याय प्रदान गर्ने ढङ्गले तर्जुमा हुनुपर्छ भन्नेमा एमाले दृढ छ । सदनमा त्यसबारे गहन र बृहत् रूपबाट छलफल गर्नुपर्छ । के सही, के गलत भन्ने त्यहीँबाट निष्कर्षमा पुगिन्छ । ठिक छ भने पास गर्छौं, गलत छ भने सच्याएर ल्याउनुस् भन्छौं । त्यो विधेयक छिटो सदनमा ल्याउनुपर्नेमा सरकार अलमलिएर बसेको छ।

वर्तमान सरकारलाई समर्थन दिएकाले गएको १५ महिना पनि मोटामोटीरूपमा दलहरू मिलेरै अघि बढेको देखिन्छ । ललितपुरको बालकुमारी र सर्लाहीको बरथहवामा बेरोजगारीसँग जोडिएर युवामाथि भएको दमन र चरम लापरबाहीका घटनामा प्रमुख प्रतिपक्षले आवाज उठाउनै पर्छ । सरकारलाई एमालेले भन्दै आएको छ, राम्रो काममा समर्थन रहन्छ, नराम्रो काममा विरोध हुन्छ । सरकारलाई अराजक बन्न दिनुहुन्न भन्ने हाम्रो दृढ मान्यता छ ।

जनप्रतिनिधि कानुन निर्माणका अतिरिक्त जनताका काममा पनि उपस्थित भइरहनुपर्छ । कहिलेकाहीँ दलको कार्यक्रम पर्यो भने सदन र संसदीय समितिका बैठकमै पनि उपस्थित हुन नसक्ने अवस्था आउँछ । पार्टीका कार्यक्रम जुधेन भने बैठकमा निरन्तर उपस्थित भइनै रहन्छौं । हामीले निर्वाचनमा विकासका नारा दिएरै चुनाव जितेका हुन्छौं । आफू निर्वाचित भएका खण्डमा यो निर्वाचन क्षेत्रलाई यसरी अघि बढाउँछु र विकास गर्छौं भनी रोडम्याप प्रस्तुत गर्छौं । विदेशमा सांसदको जिम्मेवारी कानुन र नीति-नियम बनाउन केन्द्रित हुन्छन् तर नेपाललगायत दक्षिण एसियाली मुलुकमा विकाससमेतको दोहोरो जिम्मेवारी हुन्छ । यहाँ सांसद्लाई विकासको प्रतिनिधिकारूपमा लिने गरिन्छ। हामीलाई निर्वाचन क्षेत्रमा पुग्दा चुनावमा गरेको बाचा पूरा गरेको खोई भनी प्रश्न उठाइन्छ।

**"**
**एउटै दलको बहुमत नभएसम्म राजनीतिक स्थिरता र समृद्धि दिलाउन कठिन हुन्छ । त्यो घटनाले पुष्टि गरिसकेको छ । देश विकासका लागि विद्युत् र पर्यटनमा ध्यान दिए पुग्छ ।**



अहिले पनि मुलुकको प्रमुख समस्या विकासकै हो । त्यो गर्न सकिएको छैन । मेरो निर्वाचन क्षेत्र पर्सा निर्वाचन क्षेत्र नं ३ विकासका दृष्टिले धेरै पछि परेको छ । निर्वाचन क्षेत्रको प्रमुख प्राथमिकता भनेको ग्रामीण क्षेत्रबाट सदरमुकाम जोड्ने सडक विस्तार र कालोपत्र, पुल निर्माण र पर्यटक क्षेत्रको संरक्षण तथा संवर्द्धनसँग जोडिएका आयोजना हुन् । तर गएको बजेटमा मेरो निर्वाचन क्षेत्रका कुनै पनि आयोजनालाई सरकारले बजेट विनियोजन गरेन । निर्वाचन क्षेत्रमा ४२ योजनाका लागि रकम माग गरेकामा एउटा योजनाका लागि पनि बजेट प्राप्त भएन । दुःखका साथ भन्नुपर्छ, एक वर्षमा एउटा चापाकलसमेत गाड्न सकिएन । सरकारमा रहेका प्रभावशाली नेताको क्षेत्रमा मात्र बजेटको ठूलो हिस्सा केन्द्रित गरियो । यसबाट सन्तुलित विकासको अवधारणमा प्रश्न खडा गर्यो । सिङ्गो निर्वाचन क्षेत्रमा बजेटमा एक पैसा पनि नपरेको इतिहासमै यस्तो कहिलै भएको थिएन । यसमा राजनीतिक पूर्वाग्रह देखिएको छ । यो कुरा अर्थमन्त्री र सभामुखसँग पनि गरेको छु ।

म स्मरण गर्दछु, नेकपा (एमाले) नेतृत्वको विगतको सरकारले बजेट विनियोजन र विकासका आयोजनालाई सन्तुलित ढङ्गले अघि बढाएको थियो । देशका अन्य भागमा सञ्चालित कैयौं आयोजना रकम अभावमा अलपत्र रहेका खबरहरू आइरहेका छन् ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ठूलो परिमाणमा सुन बाहिरिनु भनेको भ्रष्टाचार रोकथाम गर्न नसक्नु नै हो । भ्रष्टाचार रोक्ने सरकारको प्रमुख दायित्व भए पनि त्यसमा सफल भएको देखिन्न । अहिले मुलुकको अर्थतन्त्र कमजोर छ । ठूला उद्योगी व्यवसायीले समेत कर्मचारी, कामदारको स¬ख्या कटौती गर्दै लगेका छन् । युवाको विदेश पलायन बढेको छ । यो परिस्थितिमा पनि सरकारले अर्थतन्त्र सुधार गर्दै रोजगार प्रदान गर्ने उद्योग विस्तार गर्नेतर्फ गम्भीर दृष्टि पुर्याएको देखिन्न । अर्थतन्त्र अप्ठेरामा गएपछि धेरै उद्योगी व्यापारीले आफ्ना पसल र सटर बन्द गरेको अवस्था छ ।

मुलुकमा देखिएका यी ज्वलन्त समस्या गठबन्धन सरकारले सम्बोधन गर्न सक्ने देखिएन । विसं २०८४ मा हुने चुनावमा एमालेलाई बहुमत दिलाउनुस् भन्ने नाराका साथ हामी सक्रियतापूर्वक काम गरिरहेका छौं । एउटै दलको बहुमत नभएसम्म राजनीतिक स्थिरता र समृद्धि दिलाउन कठिन हुन्छ । त्यो घटनाले पुष्टि गरिसकेको छ । देश विकासका लागि विद्युत् र पर्यटनमा ध्यान दिए पुग्छ । आगामी पाँच-दश वर्षमै अरु विकास भएका देशको सूचीमा नेपाललाई पुर्याउन सकिन्छ । त्यसका लागि नेपाली जनताले एउटा दल विशेषलाई बहुमत दिलाउनै पर्छ । प्रतिपक्षमै रहे पनि म अहिलेको सरकार राम्रोसँग चलोस्, देशलाई सपारोस् भन्ने कामना गर्छु ।

**सांसद गुप्ताको परिचय**

मधेस प्रदेश पर्सा निर्वाचन क्षेत्र नं ३ भोराटार-७ का स्थायी बासिन्दा सांसद राजकुमार गुप्ता अनेरास्ववियुमा रही विसं २०४३ देखि राजनीतिमा सक्रिय हुनुहुन्छ । उहाँसँग नेकपा (एमाले)को भ्रातृ सङ्गठन युवासङ्घको सदस्य, पार्टी क्षेत्रीय अध्यक्ष, जिल्ला कमिटी सदस्य र केन्द्रीय सदस्य भई काम गरेको अनुभव छ । केही समय गुप्ता लोकतान्त्रिक मधेसी सङ्गठनमा रही महासचिवको समेत जिम्मेवारी सम्हाल्नुभयो । यसअघि विसं २०७० मा संविधानसभा सदस्य रहनुभएका नेता गुप्ता गत निर्वाचनमा पर्सा निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।रासस

# जिम्मेवारी पूरा नगर्नेलाई कारबाही हुने

**टुडे समाचारदाता**



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आफैँले तय गरेका कार्यक्रम, योजना र बजेट कार्यान्वयनमा ध्यान नदिने तथा जिम्मेवारी पूरा नगर्ने विभागीय प्रमुख तथा आयोजनाका पदाधिकारीलाई कारबाही गर्ने चेतावनी दिएका छन् ।

चालु आर्थिक वर्षको आठ महिनासम्म पनि तोकिएको योजना कार्यान्वयनमा नजाने, बजेट कार्यान्वयनमा लापर्वाही गर्नेलाई कारबाहीको दायरामा ल्याइने मन्त्री बस्नेतको भनाइ छ । मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारका रुपमा रहेको ऊर्जा क्षेत्र र कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन महत्वपूर्ण ठानिएको सिँचाइ क्षेत्रमा तोकिएअनुसार काम नभएकामा आपत्ति प्रकट गर्दै उनले मन्त्रालयका सम्वद्ध अधिकारी, सम्बन्धित विभागका प्रमुख तथा आयोजनाका पदाधिकारीलाई कारबाही गर्नुको विकल्प नभएको उल्लेख गरे ।

ऊर्जा मन्त्रालयमा मंगलबार आयोजित छलफलमा मन्त्री बस्नेतले भने, "कानुनीरुपमा रहेको समस्या समाधान गर्न राजनीतिक नेतृत्व र कर्मचारीको नेतृत्व लागिपरेको छ । बजेट उपलब्ध गराइएको छ । आवश्यक सहजीकरण भएको छ । यति हुँदा पनि काम हुन नसक्नुको कारण पेश गर्नु आवश्यक छ ।"वन क्षेत्रको जग्गा प्रयोगमा देखिएको समस्या समाधानका लागि विशेष पहल भएको तथा जग्गा प्राप्तिमा सहजीकरण गरिएको भए पनि विभिन्न बाहाना देखाएर आयोजना प्रमुख कार्यस्थलमा नबस्ने प्रवृत्ति मौलाएको मन्त्री बस्नेतले बताए ।

"पहिलो चरणमा ऊर्जा र सिँचाइका सम्बन्धित विभागका प्रमुखले यसबारे छलफल गर्नुस् । समस्या कहाँ छ पहिचान गर्नुस् । एकले अर्कोलाई दोष लगाएर पन्छने काम नगर्नुस् । आयोजना प्रमुखले नै जिम्मेवारी पूरा नगरेको पाइए उनीहरुलाई परिवर्तन गर्नुस् । सही व्यक्तिलाई जिम्मेवारी दिनुस्", मन्त्री बस्नेतले भने ।

विशेष गरी पटकपटक छलफल गरेर समस्या समाधानको पहल गरिए पनि सिँचाइतर्फका आयोजनामा गति कायम हुन नसकेको उल्लेख गर्दै मन्त्री बस्नेतले जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक चूर्णबहादुर ओलीलाई किन त्यसो भएको हो भनेर प्रश्न गरे । "समस्या समाधानका लागि मन्त्री, सचिव स्तरमा लगातार पहल भएको छ । प्रधानमन्त्री आफैँले पनि पहल गर्नुभएको छ । तर, २३ माइलस्टोनको काम हालसम्म सुरु हुन नसक्नुको कारण के हो ?", उनले जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ओलीलाई प्रश्न गरे, "आफैँले तय गरेको माइलस्टोन किन पूरा गर्न सक्नुहुन्न । समस्या के हो ?"

आयोजना प्रमुख कार्यस्थलमा नबस्ने, प्रक्रियाको नाममा लामो समयसम्म आयोजना लम्ब्याउने प्रवृत्ति सह्य नभएको उल्लेख गर्दै मन्त्री बस्नेतले आफू मातहतका कर्मचारीलाई जिम्मेवार बनाउन निर्देशन दिए । सो छलफलमा ऊर्जा सचिव गोपाल सिग्देल, सिँचाइ सचिव सुशीलचन्द्र तिवारी, जल तथा ऊर्जा आयोगका सचिव सरिता दुवाडी, मन्त्रालयका उच्च पदस्थ कर्मचारी र विभागिय प्रमुखको सहभागिता थियो ।

# दूरसञ्चार क्षेत्रको गुणात्मक रुपान्तरणमा ध्यान दिन निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले नेपालको समग्र दूरसञ्चार र सूचना प्रविधि क्षेत्रको गुणात्मक रुपान्तरणमा ध्यान दिन नेपाल दूरसञ्चार प्राधिकरणका नवनियुक्त अध्यक्ष भूपेन्द्र भण्डारीलाई निर्देशन दिएकी छन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मंगलबार अध्यक्ष भण्डारीलाई पद तथा गोपनियताको शपथ गराउँदै मन्त्री शर्माले राष्ट्रहितलाई केन्द्रमा राखेर काम गर्न निर्देशन दिईन । अत्यन्त संवेदनशील क्षेत्रको रुपमा रहेको दूरसञ्चार क्षेत्रलाई गुणस्तरीय, सस्तो र सुलभ बनाउनुपर्नेमा जोड दिँदै उनले त्यसका लागि योजनाबद्ध पहल आवश्यक रहेको बताईन । मुलुकको आर्थिक समृद्धिका लागि डिजिटल रुपान्तरण अपरिहार्य रहेको र त्यसका लागि दूरसञ्चार आधारभूत डिजिटल पूर्वाधार भएको उल्लेख गर्दै मन्त्री शर्माले चाँडोभन्दा चाँडो देशका सबै भूभागमा दूरसञ्चार सेवा पुऱ्याउने गरी काम गर्न सुझाव दिए ।

मन्त्री शर्माले सूचना प्रविधि नयाँ क्षेत्र भएको र यसमा प्रयोग हुने उपकरण तथा प्रणालीको खरिद र जडान प्रक्रियामा अन्य क्षेत्रबाट बढी अनियमितताको गुनासो आउने गरेकाले आगामी दिनमा त्यस्तो स्थिति आउन नदिन प्राधिकरणले विशेष ध्यान दिनुपर्नेमा जोड दिए । सो अवसरमा नवनियुक्त अध्यक्ष भण्डारीले राष्ट्रहित र नागरिकको सेवालाई केन्द्रमा राखेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । दूरसञ्चार क्षेत्रको बदलिँदो आयाम र आफ्नो दुई दशक लामो सूचना प्रविधि क्षेत्रको अनुभवका आधारमा दूरसञ्चार र सूचना प्रविधिको क्षेत्रमा योगदान दिने उनले बताए ।

यही फागुन ६ गतेको मन्त्रिपरिषद् बैठकले भण्डारीलाई दूरसञ्चार प्राधिकरणको अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको थियो ।

# जुलिअन असान्ज को हुन्, उनले कस्ता दस्ताबेज सार्वजनिक गरिदिए

**वीवीसी**

काठमाण्डु । गोप्य सूचना र दस्तावेज सार्वजनिक गर्ने वेबसाइट विकिलीक्सका संस्थापक जुलिअन असान्ज अमेरिका सुपुर्दगी हुनबाट जोगिन मङ्गलवार उच्च अदालत जाँदै छन्। ब्रिटेनले अमेरिकालाई गर्न सक्ने आफ्नो सम्भावित हस्तान्तरण टार्न यो उनको अन्तिम प्रयास हुन सक्छासन् २०१९ देखि यूकेको जेलमा रहेका असान्जलाई सन् २०१० र २०११ मा गोप्य सैनिक दस्तावेज चुहाएको आरोपमा संयुक्त राज्य अमेरिकाले पक्राउ गर्न खोजिरहेको छाउनी सन् २०१९ को एप्रिल महिनामा लन्डनमा पक्राउ परेका हुन्।



### जुलिअन असान्ज को हुन् र विकिलीक्स के हो?

किशोरावस्थामा असान्जले कम्प्युटर प्रोग्र्यामिङका लागि ख्याति कमाएका थिए।सन् १९९५ मा उनलाई उनको देश अस्ट्रेलियामा एउटा अदालतले ह्याकिङसम्बन्धी अपराधमा दोषी ठहर गर्दै जरिबाना तिराएको थियो। फेरि त्यस्तो कार्य नगर्ने वाचा गरेकाले उनी जेल भने गएका थिएनन्।सन् २००६ मा असान्जले विकिलीक्स स्थापना गरे।अहिलेसम्म आफूले युद्ध, जासुसी, भ्रष्टाचार लगायतका विषय समेटेका एक करोडभन्दा बढी गोप्य दस्तावेज छापिसकेको उक्त वेबसाइटको दाबी छ ।

सन् २०१० मा विकिलीक्सले इराकमा अमेरिकी सैनिक हेलिकप्टरबाट खिचिएको एउटा भिडियो सार्वजनिक गऱ्यो जसमा बग्दादमा १८ सर्वसाधारणनागिरकमारिएकोदेखिएकोथियो। यो वेबसाइटले अमेरिकी सेनाका पूर्वगुप्तचर विश्लेषक चेल्सी म्यानिङले उपलब्ध गराएका हजारौँ गोप्य दस्तावेज पनि प्रकाशित गरेको थियो । ती दस्तावेजले अफगानिस्तान युद्धका बेला अमेरिकी सेनाले सार्वजनिक नगरेका घटनाहरूमा सयौँ सर्वसाधारण नागरिकको ज्यान गएको देखाएको थिए ।

### विकिलीक्सप्रति अमेरिकी सरकारले कस्तो प्रतिक्रिया देखायो?

सन् २०१९ मा अमेरिकी न्याय मन्त्रालयले यी बाहिरिएका गोप्य जानकारीलाई "अमेरिकी इतिहासको ठूलो चुहावटमध्ये एक" भनेको थियो। अमेरिकी सरकारी वकिलहरूले त्यस्ता दस्ताबेज प्रकाशन गर्नाले तिनमा नाम भएका अफगानिस्तान र इराकमा रहेका व्यक्तिहरू "हानि, यातना र मृत्यु" को जोखिममा परेको तर्क गरेका थिए।

संवेदनशील जानकारी प्राप्त गर्नका लागि सैन्य डेटाबेसमा अनधिकृत प्रवेश गर्ने षड्यन्त्र गरेको आरोप लगाई असान्जविरुद्ध १८ वटा अपराधको अभियोग लगाइएको थियो।

असान्जले भने चुहिएका जानकारीबाट अमेरिकी सैनिकहरूले गरेका गम्भीर दुर्व्यवहारको पर्दाफास भएको र आफूविरुद्धको मुद्दा राजनीतिबाट प्रेरित रहेको दाबी गरेका थिए । उनीमाथि अभियोग लगाइएपछि अमेरिकाले उनलाई आफ्नो देश ल्याउन सुपुर्दगी प्रक्रिया सुरु गऱ्यो । उनीविरुद्ध लागेका अभियोगहरू पुष्टि भए असान्जलाई १७५ वर्षसम्मको जेल सजाय हुन सक्ने असान्जका वकिलहरू बताउँछन्। तर अमेरिकी सरकारले भने चारदेखि छ वर्षको जेल सजायको सम्भावना बढी रहेको भनेको छ ।

### जुलिअन असान्जलाई किन अहिलेसम्म अमेरिका पठाइएको छैन?

सन् २०१९ मा अमेरिकाले सुपुर्दगीका लागि गरेको अनुरोध अदालती सुनुवाइपछि स्वीकृत भयो। तर सुपुर्दगी स्वीकृत गर्ने उक्त निर्णय बदर गराउन असान्जले सङ्घर्ष गर्दै आएका छन् । उनलाई सन् २०१९ मा छुट्टै अभियोगमा लन्डनस्थित बेल्मार्श कारागार चलान गरिएको थियो। उनी पहिला पनि भागेको हुनाले अमेरिकाको सुपुर्दगीको मुद्दाका लागि पनि उनलाई उच्च सुरक्षायुक्त सोही कारागारमा राखिएको छ । सन् २०२१ मा उच्च अदालतले उनको "कमजोर मानसिक अवस्थाका कारणले अमेरिकी कारागारमा आत्महत्या गर्ने सम्भावना रहेको" भन्ने दाबी खारेज गर्दै सुपुर्दगी गरिने फैसला सुनाएको थियो ।

सन् २०२२ मा सर्वोच्च अदालतले पनि उक्त निर्णयलाई सदर गऱ्यो र तात्कालिक गृहमन्त्री प्रीति पटेलले सुपुर्दगीको आदेशलाई अनुमोदन गरिन् । तर असान्ज अदालतको पुरानो निर्णय पुनरवलोकन गराउने उद्देश्यसहित फेब्रुअरी २० र २१ मा फेरि उच्च अदालत जान लागेका हुन् । उनका समर्थकहरूले यो असान्जको अन्तिम कानुनी बाटो रहेको मानेका छन् । तर उनका वकिलहरूले सुपुर्दगी रोक्न युरोपेली मानव अधिकार अदालतमा पनि निवेदन दिएका छन् ।

### जुलिअन असान्जले किन लन्डनस्थित एक्वडोरको दूतावासमा शरण लिए?

सन् २०१० मा स्वीडनले असान्जविरुद्ध जबरजस्ती करणी र यौन दुर्व्यवहारको मुद्दामा पक्राउपुर्जी जारी गऱ्यो। उनीमाथि स्वीडनमा हुँदा एक महिलाको बलात्कार गरेको र अर्की महिलामाथि दुर्व्यवहार गरेको आरोप लगाउँदै स्वीडनका अधिकारीहरूले यूकेसँग उनको सुपुर्दगीका लागि अनुरोध गरे । यूकेले पनि उनलाई पक्राउ गऱ्यो र धरौटीमा रिहा गऱ्यो । असान्जले भने ती आरोप निराधार भएको भन्दै खण्डन गरे ।

दुई वर्षको कानुनी लडाइँपछि यूकेको सर्वोच्च अदालतले सोधपुछका लागि उनलाई स्वीडन सुपुर्दगी गरि नुपर्ने आदेश दियो । सो आदेशपछि असान्ज राजनीतिक शरण माग्दै एक्वडोरको दूतावासमा पुगे। विकिलीक्सप्रति सदाशय राख्ने एक्वाडोरका तात्कालिक राष्ट्रपति राफाएल कोरेयाले उनलाई शरण पनि दिए। सात वर्षसम्म एक्वाडोरको दूतावासमा बस्दा असान्जलाई गायिका लेडी गागा, अभिनेत्री प्यामेला एन्डर्सनजस्ता हस्तीहरू नियमित रूपमा भेट्न गइरहन्थे ।

तर सन् २०१९ मा एक्वडोरका नयाँ राष्ट्रपति लेनिन मोरेनोले "अभद्र र असभ्य व्यवहार" देखाएको, व्यक्तिगत सरसफाइमा ध्यान नदिएको र दूतावासको सुरक्षासम्बन्धी दस्ताबेजहरूमा पहुँच कायम गरेको शङ्का गर्ने अवस्था रहेको भनी असान्जलाई दूतावास छोड्न निर्देशन दिए । त्यसलगत्तै ब्रिटिश प्रहरीले उनलाई दूतावासभित्रैबाट पक्राउ गऱ्यो। उनीमाथि धरौटीका सर्त उल्लङ्घन गरी स्वीडन सुपुर्दगी हुनका लागि अदालतमा आत्मसमर्पण नगरेकोमा मुद्दा चलाइयो र ५० साता जेल सजाय सुनाइयो। तर कथित अपराध भएको बेलाबाट धेरै समय बितिसकेको भन्दै सन् २०१९ को नोभेम्बर महिनामा स्वीडनका अधिकारीहरूले उनीविरुद्ध मुद्दा अगाडि नबढाउने निर्णय गरे ।

असान्जले आफ्नो लामो समयदेखिकी प्रेमिका स्टेला मोरिसका साथ सन् २०२२ मा बेल्मार्श कारागारभित्र विवाह गरे । स्टेला मोरिस उनकी वकिल थिइन्। उनीहरूको प्रेमसम्बन्ध २०१५ मा सुरु भएको थियो । असान्ज र मोरिसका दुई बच्चा छन्। दुवैको जन्म असान्जले एक्वाडोरको दूतावासमा शरण लिएको बेला भएको थियो । बिहेको दिन मोरिसले असान्जको सम्भावित सुपुर्दगीविरुद्ध अभियान चलाउँदै आएकी डेम भिभिएन वेस्टवुडले डिजाइन गरेको विशेष पोसाक लगाएकी थिइन् । वैवाहिक समारोहमा उक्त दम्पतीका दुई सन्तान र असान्जका पिता र भाइ पनि सहभागी भएका थिए ।

# मधेश प्रदेश दोस्रोपटक 'च्याम्पियन'




**टुडे समाचारदाता**

कास्की । मधेश प्रदेश दोस्रो पटक मनमोहन मेमोरियल (एमएम) कप राष्ट्रिय यु-१६ क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ । मनमोहन मेमोरियल क्रिकेट सेन्टरको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सञ्चालन भएको तेस्रो संस्करणको प्रतियोगिताको सोमबार सम्पन्न फाइनल प्रतिस्पर्धामा सुदूरपश्चिम प्रदेशमाथि पाँच विकेटको सानदार जित निकाल्दै मधेस दोस्रोपटक च्याम्पियन बन्न सफल भयो ।

यसअघि मधेसले पहिलो संस्करणको उपाधि जितेको थियो। च्याम्पियन बनेको मधेशले रु एक लाख सहित ट्रफी, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्दा उपविजेता बनेको सुदूरले रु ५० हजार र ट्रफीमा चित्त बुझायो । खेलमा टस जितेर ब्याटिङ रोजेको सुदूरपश्चिम २० दशमलव दुई ओभरमा ८६ रन जोडेर 'अलआउट' भयो । सुदूरलाई सस्तैमा रोक्न मधेसका बलर धीरेन्द्र पासवानले चार र रोहन यादवले तीन विकेट लिए । सुदूर पश्चिमका लागि विशाल विष्टले २४, निराजन गौतमले १८ र सचिन साउदले १४ रन बाहेक अन्य ब्याटरले दोहोरो अङ्कको रन जोड्न सकेनन् ।

मधेसका कप्तान चन्दन राम, मेराज आलम र वासिम अली मन्सुरीले समान एक/एक विकेट लिए । उपाधिका लागि ८७ रनको लक्ष्य मधेसले २० ओभरको चौथो बलमा पाँच विकेट गुमाएर भेटाउन सफल भयो । सुरुआती चरणमा मधेसको ब्याटिङ धरमराए पनि मोहमद अरमानले २० र परिमार्जन यादवले ३० रनको योगदान दिएपछि जितको आधार तयार भयो । सुदूरपश्चिमका लागि डम्बर माझीले दुई, निराजन गौतम र नीरज ऐरेले समान एक/एक विकेट लिए । गत माघ २८ गतेदेखि सुरु भएको प्रतियोगितामा मधेस प्रदेशका चन्दन राम प्लेयर अफ दि सिरिज घोषित भए । उनले प्रतियोगितामा ८३ रनको व्यक्तिगत योगदान दिँदा १० विकेट लिएका थिए ।

प्रतियोगिताभर सर्वाधिक १४ विकेट लिएका सुदूरपश्चिमका डम्बर माझी उत्कृष्ट बलर घोषित भए । मधेस प्रदेशका राहुल हक अन्सारी उत्कृष्ट ब्याटर बन्न सफल भए । उनले एक ५२ रन बनाएका थिए । प्रतियोगिताका विजेता टोली तथा खेलाडीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङ, प्रतिनिधिसभाका सांसद एवं सेन्टरका अध्यक्ष ठाकुर गैरे, पूर्वमन्त्री एवं सेन्टरका उपाध्यक्ष रामकुमारी झाँक्री लगायतले नगद ट्रफी मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

प्रतियोगितामा आठ टोलीले सहभागिता जनाएका थिए । 'वन डे फर्मयाट' अन्तर्गत २५ ओभरको 'लिग कम नकआउट'मा खेल खेलाइएको थियो । प्रतियोगितामा मधेस र सुदूरपश्चिमसहित कोशी, बागमती, गण्डकी, कर्णाली, लुम्बिनी, सुदूरपश्चिम तथा आयोजक मनमोहन मेमोरियलले सहभागिता जनाएका थिए ।

# नभाल्नीको शव 'दुई साता राखिने', विष दिइएको पत्नीको आरोप

**वीवीसी**

काठमाण्डु । रुसमा एउटा जेलभित्र मृत्यु भएका विपक्षी नेता एलेक्सी नभाल्नीको शव दुई सातासम्म नदिइने जानकारी परिवारलाई दिइएको बताएको छ । उनी राष्ट्रपति भ्लादिमिर पुटिनका कटु आलोचक थिए । उनकी आमालाई शव "रासायनिक विश्लेषण"का लागि राखिएको जानकारी नभाल्नीका एक प्रतिनिधिले जनाएका छन् ।



रुसी अधिकारीहरूले शव कहाँ छ भन्ने विषयमा केही बताएका छैनन्। उनीहरूले शव रहेको स्थान खोज्ने प्रयासलाई बारम्बार रोकिदिएका छन् । नभाल्नीकी पत्नीले शव लुकाइएको र पुटिनले हत्या गराएको आरोप लगाएकी छन् । सोमवार एक भिडिओमार्फत् युलिआ नभाल्नियाले रुसी राष्ट्रपति पुटिनले नभाल्नीको हत्या गरेको भन्दै आफ्ना पतिले थालेको "स्वतन्त्र रुस" को सङ्घर्ष जारी राख्ने उद्घोष गरिन् ।

नभाल्नियाले आफ्ना पतिलाई नोभिचोक दिइएको आरोप लगाउँदै उक्त विषको अवशेष नहटुन्जेलसम्म शव राख्न खोजेको आशङ्का व्यक्त गरिन् । नोभिचोकले स्नायुप्रणालीमा असर छा जेल पर्नुअघि पनि नभाल्नीलाई उक्त विष दिइएको ठानिएको छ । नभाल्नियाको बोली बेलाबेलामा शोक र क्रोधका कारण लरबराएको थियो । उनले आफूसँग मानिसहरूलाई "हाम्रो भविष्य नष्ट गर्न खोज्नेहरूप्रति क्रोध र घृणा व्यक्त गर्न" आग्रह गरिन् । शुक्रवार नभाल्नीको जेलमा निधन भएको घोषणा गरिएको थियो ।

उनलाई राखिएको आर्कटिक पीनल कोलनीका अधिकारीहरूले नभाल्नी हिँडडुल गरेपछि अचानक अचेत भएका र उनको मृत्यु भएको दाबी गरेका थिए । निधनको खबर पाएपछि नभाल्नकी आमा र नभाल्नीका वकिल दुर्गम क्षेत्रमा रहेको उक्त जेलमा पुगेका थिए । नभाल्नीको शव कहाँ छ भन्ने जानकारी खोज्न गरिएका प्रयासहरू जेलको शवगृह र स्थानीय अधिकारीहरूले रोकिदिएका छन् ।

सोमवार क्रेम्लिनले नभाल्नीको मृत्युको कारण पहिल्याउन अनुसन्धान भइरहेको र अहिलेसम्म "कुनै नतिजा ननिस्किएको" बताएको थियो । नभाल्नीकी प्रवक्ताले अनुसन्धानकर्ताहरूले नभाल्नीकी आमा लुड्मिलालाई "रासायनिक विश्लेषण" भइराखेकाले दुई साता शव नदिइने बताएको जानकारी दिइन् । आफ्नो भिडिओ सन्देशमा नभाल्नियाले अधिकारीहरूले शरीरबाट नोभिचोक हराउने समय कुरेको आशङ्का व्यक्त गरिन् ।

### विदेशी नेताको आरोप

विगत एक दशकमा रुसमा नभाल्नी सबैभन्दा प्रभावशाली प्रतिपक्षी नेताका रूपमा देखा परेका थिए । उनलाई १९ वर्षको जेल सजाय सुनाइएको थियो। धेरैले राजनीतिक प्रतिशोध लिन उनलाई मुद्दा चलाइएको ठानेका छन् । पश्चिमा नेताहरूले नभाल्नीको मृत्युका लागि राष्ट्रपति पुटिन नै उत्तरदायी भएको मानेका छन ।

पत्रकारहरूको प्रश्नको उत्तर दिने क्रममा सोमवार राष्ट्रपति जो बाइडनले भनेः "वास्तविकता के हो भने - पुटिन नै जिम्मेवार छन्, उनले ती व्यक्ति नभाल्नी लाई जेल हाल्ने परिस्थितिका लागि आफैँले आदेश दिएको भए पनि नभए पनि ।" सोमवार आयोजित एउटा पत्रकार सम्मेलनमा युरोपेली सङ्घ ईयूका विदेशनीति प्रमुख जोजेप बोरेलले "रुसी जेलमा पुटिनको सत्ताले नभाल्नीको बिस्तारै हत्या गरेको" टिप्पणी गरे । नभाल्नीको मृत्युपछि ईयू र अमेरिका दुवैले रुसविरुद्ध नयाँ प्रतिबन्ध लगाउनेबारे विचार गरिरहेको बताएका छन् ।

यूकेका विदेशमन्त्री डेभिड क्यामरनले पनि ब्रिटेन र बाँकी जी-सेभन समूहका धनी देशहरूले नभाल्नीको मृत्युसँग जोडिएका सबै रुसी नागरिकलाई ताजा प्रतिबन्ध लगाउनुपर्ने बताए ।क्रेम्लिनका प्रवक्ता दिमित्री पेश्कोभले नभाल्नीको मृत्युलाई लिएर पश्चिमा नेताहरूहरूबाट आएका प्रतिक्रियाहरू "हठी" र "अस्वीकार्य" भएको बताए । रुसी जेल अधिकारीहरूले सप्ताहान्ततिर बोल्दै नभाल्नीको "अकस्मात् मृत्यु" भएको बताएका थिए।

# गाजामा तत्काल युद्धविरामको आह्वान गर्न मतदान हुँदै

**एएफपी**

संयुक्त राष्ट्रसंघ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले मङ्गलबार गाजामा तत्काल युद्धविरामको आह्वान गर्न नयाँ मस्यौदा प्रस्तावमा मतदान गर्दैछ । यस सन्दर्भमा तेस्रो अमेरिकी भिटोको खतरा हुँदाहुँदै पनि संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले मानवीयता रक्षाका लागि यो प्रक्रिया गरिरहेको दावी गरिरहेको छ ।

अल्जेरियाले तयार गरेको दस्तावेजमा तत्काल मानवीय युद्धविरामको माग गरिएको छ । इजरायलले दक्षिणी गाजा पट्टीको शहर राफाहमा सर्ने तयारी गरिरहेको बेला मतदान भएको छ । आक्रमण रोक्नका लागि चौतर्फी दबाब बढिरहेको छ । मस्यौदा प्रस्तावले प्यालेस्टिनी नागरिकको कारुणिक विस्थापन तथा गैरमानवीय कार्यको विरोध गर्दै सबै हमास बन्धकहरूको रिहाइको माग पनि गरिरहेको छ । संयुक्त राज्य अमेरिका र इजरायलले अस्वीकार गरेका अन्य अघिल्लो प्रस्ताव जस्तै नयाँ प्रस्तावले भने हमासको अक्टोबर ७ मा गरिएको आक्रमणको निन्दा गर्दैन ।

एएफपी टोलीका अनुसार आक्रमणले दक्षिणी इजरायलमा लगभग १ हजार एक सय ६० जनाको ज्यान लिएको छ । जसमा अधिकांश निहत्था नागरिक रहेका छन् । हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयको पछिल्लो विवरण अनुसार इजरायलको जवाफी अभियानमा महिला तथा बालबालिका सहित गाजामा २९ हजार भन्दा बढी मानिस मारिएका छन् । संयुक्त राज्य अमेरिकाले अल्जेरियाको प्रस्ताव स्वीकार्य नभएको चेतावनी दिँदै यसलाई भिटो प्रयोग गर्ने धम्की दिएको छ ।

परिषद्को कार्यले परिस्थितिजन्य मद्दत गर्ने विषयमा विश्वास नगर्ने संयुक्त राष्ट्रसंघका लागि अमेरिकी उप राजदूत रोबर्ट वुडले सोमबार बताउनु भयो । उहाँले प्रस्ताव मतदानमा आएमा अगाडि नबढ्ने उल्लेख गर्नुभयो । वुडका अनुसार युद्धविराम प्रस्ताव पारित भएपछि जारी नाजुक कूटनीतिक वार्ताले गाजाबाट बन्धकहरूको रिहाइ प्रक्रियालाई खतरामा पार्नेछ ।

# नेपाल 'ए'द्वारा क्यानडा-११ पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल 'ए' टोली क्यानडा-११ विरुद्धको एकदिवसीय शृंखलाको दोस्रो खेलमा विजयी भएको छ । नेपाल 'ए'ले क्यानडा-११ लाई दुई विकेटले पराजित गरेको हो ।



माथिल्लो मूलपानी क्रिकेट मैदानमा मंगलबार टस हार्दै क्यानडा-११ ले पहिला ब्याटिङ गर्दै ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ४० रन बनायो । दुई सय ४१ रनको विजयी लक्ष्य नेपालले ४९ दशमलव एक ओभरमा आठ विकेट गुमाउँदै पूरा गऱ्यो । यसअघि पहिलो खेलमा नेपाल ' ए' क्यानडा-११ सँग चार विकेटले पराजित भएको थियो ।

नेपालका लागि सन्दीप जोरालले सर्वाधिक ६६ रनको अर्द्धशतकीय पारी खेले । उनले ७४ बल खेल्दै सात चौका र एक छक्का हाने । त्यस्तै बसिर अहमदले ५२ रन बनाए । उनले ७० बलमा चार चौका र एक छक्का हिर्काए । रासिद खानले ४७ तथा अर्जुन कुमालले ४० रन बनाए । बलिङतर्फ क्यानडा-११ का निखिल दत्तले दुई तथा साद विन जफर र हर्श थाकरले एक एक विकेट लिए ।

त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा क्यानडा-११ का लागि श्रेयास मोम्भाले सर्वाधिक ६८ रनको योगदान दिए । उनले ८२ बलमा पाँच चौका हाने । यस्तै नवनित दलिवालले ४६, श्रीमन्था विजयरत्नेले ४१, आरोन जोनसनले ३६ तथा डिलोन हेलिगरले १६ रन बनाए ।

बलिङतर्फ नेपालका साहब आलमले तीन, शेर मल्ल र रासिद खानले दुई दुई तथा सागर ढकाल र बसिर अहमदले एक एक विकेट लिए । उक्त शृङ्खलाको अन्तिम खेल यही फागुन १० गते हुनेछ ।

# अफगान महिला एक्लै बाहिर जान डराउँछन्

**एपी**

इस्लामावाद । युएन मिसनको रिपोर्टअनुसार अफगानिस्तानमा तालिबानको आदेश, बोझिलो पहिरन तथा अभिभावक माथि लादिएको अभियानको कारण अफगान महिला एक्लै आफ्नो घर छोड्न डराउँने गरेको देखाएको छ ।

कतारको राजधानी दोहामा आयोजित बैठक अघि जारी गरिएको रिपोर्टमा सदस्य राष्ट्र र अफगानिस्तानका लागि विशेष दूतहरूले तालिबानसँग संलग्नता बारे छलफल गर्ने अपेक्षा गरेको छ ।तालिबानले सन् २०२१ मा सत्ता सम्हालेपछि महिलालाई सार्वजनिक जीवनका अधिकांश क्षेत्रहरूमा प्रतिबन्ध लगाएउदै केटीहरूलाई छ कक्षा भन्दा माथिको शिक्षाको पहुँच निशेध गरेको छ । महिलाहरूको काम, यात्रा र स्वास्थ्य सेवाको पहुँचसमेत प्रतिबन्ध गरी अविवाहित वा पुरुष अभिभावक नभएकाहरुसमेतलाई तालिबानको अभियानको पालना नगरे पक्राउ गरिरहेको छ ।



रिपोर्टले गिरफ्तारी, उत्पीडन र धम्किपूर्ण आदेश लागु गरिएको उल्लेख गरेको छ । महिलालाई गिरफ्तारी धम्की, प्रहरी हिरासत जानुपर्ने दीर्घकालीन कलङ्क र लाजका कारण सार्वजनिक स्थानमा जान डर बढ्दै गएको जनाएको छ । रिपोर्टका लागि अन्तरवार्तामा सहभागी अधिकाशं महिलाले पुरुष अभिभावक वा संरक्षक बिना घरबाट बाहिर निस्कन असुरक्षित महसुस गरेको बताएका छन् । महिलालाई लक्षित गरी नयाँ आदेश घोषणा गर्दा उनीहरूको सुरक्षा र चिन्ताको जोखिम बढ्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।

यस्तो खालको प्रतिबन्दले घर बाहिर जाने उत्प्रेरणा तथा फुर्सदको क्षणको आनन्द लिने सम्भावनासमेत घटेर जाने रिपोर्टले जनाएको छ । केही महिलाले दिएको जानकारीअनुसार पुरुष पनि महिलासँग घर छोड्न डराउने र अनिच्छुक रहेकाले उनीहरूमा तालिबानको व्यापक तथा मानवता विरोधी उत्पीडनको पर्दाफास भइरहेको छ ।

रिपोर्टको टिप्पणीका लागि तालिबानको नैतिकता प्रहरी आदेश लागू गर्न मन्त्रालयबाट तुरुन्तै उपलब्ध भएनन् ।मानवअधिकार निगरानीकी हिथर बारले एसोसिएटेड प्रेसलाई अफगान महिलाको साथ नदिई घर छोड्ने डर हानिकारक र विनाशकारी भएता पनि आश्चर्य जनक नभएको बताउनुभएको छ । महिलाहरूलाई घरबाट बाहिर निस्कनबाट डराउनु तालिबानको विशेष लक्ष्य जस्तो देखिएको उहाँले बताउनुभयो ।

दोहामा आयोजित सो छलफलमा यो विषयले प्रश्न खडा गरेको उहाँले बताउनुउँदै बैठकको उद्देश्य सङ्कटको मात्रा नभई विश्वभरका महिलाका लागि आश्चर्य जनक भन्नुभयो ।अफगानिस्तानका लागि इयु दूतले गत वर्ष तालिबानलाई चेतावनी दिँदै महिलामाथि लगाइएको प्रतिबन्ध नहटाएसम्म स्वात्त देशको वैध सरकारको अन्तर्राष्ट्रिय मान्यता असम्भव रहने बताउनुभएको थियो ।

# ढिकीमा धान कुट्ने चलन हराउँदै



टुडे समाचारदाता

कञ्चनपुर । धान कुट्ने आधुनिक प्रविधि भित्रिएसँगै कञ्चनपुरका महिलाहरूले धान ढिकीमा कुट्न छाडेका छन् । गाउँघरमा धानमिल सञ्चालनमा आएपछि ढिकीमा धान कुट्न महिलाले छाडेका हुन् । पहिला घरघरमै धान कुट्नका लागि काठका ढिकी बनाइएका हुन्थे ।

हाल ती ढिकीहरू हराउँदै गएका छन् । अर्को तर्फ ग्रामीण क्षेत्रमा ढिकी राख्ने कार्य नै छाडिएका छन् भने थारू समुदायका केहीका घरमा अझै ढिकी भए पनि धान कुट्नका लागि मिलमा पुग्ने गर्दछन् । एक दशकअघिदेखि ढिकी कुट्ने चलन विस्तारै हराउँदै जान थालेको शुक्लाफाँटा नगरपालिका-२ का हेमराज पाण्डेयले बताए । "धानमिलमा कुटिएको चामलभन्दा ढिकीमा कुटिएको धानको चामल निकै मिठो र पौष्टिक हुने गरेको थियो", उनले भने, "ढिकीमा धान कुट्दा निकै समय लाग्ने र श्रम गर्नुपर्ने अवस्था थियो, अहिले सहजै एकछिमै मिलमा धान कुट्ने कार्य हुने भएकाले ढिकी राख्ने चलन हटेको छ ।"

कृष्णपुर नगरपालिका-२ वाणिकी वसन्ती राना बिहानीको कुखुराको डाँकमै ब्यूँझेर धान कुट्ने पुराना दिनको स्मरण गर्छन् । "बिहानै ब्यूँझेर धान कुट्थ्यौं", उनले भने, "धान कुटेर आएका चामल माटोको भकारीमा राख्ने गरिन्थ्यो, ती चामलबाट बनाइएको भात निकै मिठो हुन्थ्यो, अहिले मिलमा कुटेका चामल देख्नमा चम्किला हुने भए पनि त्यति स्वादिलो हुने गरेको छैन ।"

महिलाहरूलाई त्यसबेला ढिकी कुट्न निकै परिश्रम गर्नुपर्ने अवस्था रहेको उनले उल्लेख गरे । दिनभरि घरको काम, राति पूरै निद्रा नसुतेर ढिकी कुट्नुपर्ने ती पुराना दिन सम्झँदा आजभोलि सपनाझैं लाग्ने गरेको पवित्रा चौधरीले बताए ।

"ढिकीमा दुईदेखि चार जनासम्मले धान कुट्नका लागि काम गर्नु पर्दथ्यो", उनले भने, "दसैंलगायतका चाडपर्वमा विगतमा चामल कुटेर भिजाइ पुनः ढिकीमै पिठो बनाउनुपर्दथ्यो, त्यसबेला थोरै ठाउँमा मात्रै मिल थिए, सबैको पहुँच थिएन, पहुँच भए पनि सबैसँग खर्चको अभाव हुन्थ्यो, त्यसैले घरमै बनाएका ढिकीमा धानबाट चामल र पिठो बनाउथ्यौं ।"

"चाडपर्व, विवाहलगायतका धार्मिक तथा अन्य अनुष्ठानमा सहभागी हुनेहरूका लागि भने चार-पाँच दिनदेखि नै ढिकीमा धान कुट्नुपर्ने बाध्यता नै हुन्थ्यो", गीता चौधरीले भने, "हाल पहिलेको तुलनामा महिलालाई घरायसी कार्य गर्न आधुनिक विद्युतीय मिलले सहज बनाइदिएको छ, पुर्खौंदेखि प्रयोग हुँदै आएका ढिकी, कोल्हु, जाँतो (चकिया) लगायत हराउँदै गएकामा चिन्तित पनि छु ।"पहिचान झल्काउने पुराना वस्तुलाई पछिको पिँढीलाई चिनाउनकै लागि पनि जगेर्ना गरेर राख्नुपर्ने उनको भनाइ छ । ढिकी बनाउँदा मुसरा, ढिकी, चुक्का, टेक्वा, धुर्ला, टेकुवा, सामलगायत काठबाटै बन्ने गरेको दानसिंह दहितले बताए । बलियो काठ सान्नानलगायतबाट ढिकी तयार गरिन्थ्यो ।

# एमसीसी कार्यान्वयनको छ महिना : जग्गा प्राप्ति सुस्त, ठेक्का प्रक्रिया अनिश्चित

काठमाण्डु । मिलेनियम च्यालेञ्ज कर्पोरेसनअन्तर्गतका परियोजना कार्यान्वयनसम्बन्धी सम्झौता (एमसीसी कम्प्याक्ट) लागू भएको करिब छ महिना पुग्न लाग्यो । एमसीसी कम्प्याक्ट गत भदौ १३ गतेदेखि पूर्णरुपमा लागू हुने (इन्ट्री इन टू फोर्स-इआइएफ) चरणमा गइसकेको छ । परियोजना निर्माण सम्पन्न गरिसक्नुपर्ने पाँच वर्षको अवधि गणना सुरु भएको छ महिना बितिसक्दा पनि प्रारम्भिक चरणका कामसमेत टुङ्गिएका छैनन् ।मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत बनाउने भनिएका विद्युत् प्रसारणलाइन र सडक निर्माणका काम सुस्त छ । आयोजनाको जग्गा अधिग्रहण र प्राप्तिको काम टुङ्गिन सकेको छैन । रद्द भएको आयोजनाको पुनः ठेक्का खोल्ने र खरिद प्रक्रिया अब कसरी अघि बढ्न भन्ने अझै अनिश्चित छ ।




### पुनःठेक्काको अनिश्चितता

एमसिए-नेपालले गत असोज २६ गते एक सूचना जारी गर्दै विद्युत् प्रसारणलाइन निर्माणसँग सम्बन्धित सबै ठेक्का रद्द भएको जनाएको थियो । जसमा चरण (लट-१) को लप्सीफेदी-रातामाटे-न्यू हेटौंडा, दोस्रो चरण (लट-२) को रातामाटे-न्यू दमौली, र तेस्रो तरण (लट-३) को न्यू बुटवल-नेपाल/भारत सीमा क्षेत्रसम्मको प्रसारणलाइन निर्माणका लागि आह्वान गरिएको ठेक्का रद्द भएको उल्लेख थियो ।

सुरुआती लागत अनुमानभन्दा बढी रकमको ठेक्का प्रस्ताव भएपछि यो ठेक्का प्रक्रिया रद्द भएको एमसिए-नेपालको भनाइ छ । कूल तीन सय १५ किलोमिटरको चार सय केभी विद्युत् प्रसारणलाइन र सबस्टेसनसँग सम्बन्धित खरिद प्रक्रिया रद्द गरिएकामा पुनः बोलपत्र आह्वान हालसम्म हुन सकेको छैन ।

'एमसीसी कार्यक्रम खरिद मार्गनिर्देशिका (पीपीजी) अनुसार ठेक्का प्रक्रिया रद्द भएको भनिएकोमा पुनः खरिद प्रक्रियाको काम कसरी भइरहेको छ ?' भन्ने राससको प्रश्नमा एमसिए-नेपालले पुनः खरिद प्रक्रिया अघि बढाउने तयारी भइरहेको जनाएको छ । आयोजनाको ' डिजाइन प्यारामिटर' र निर्माणसम्बन्धी प्रावधानमा संशोधन गर्न लागिएकाले पुनःठेक्काको काममा ढिलाइ भएको जवाफ उसले दिएको छ ।

"सञ्चालक समिति, अर्थ मन्त्रालय र एमसीसीको सहयोगमा एमसिए-नेपालले प्रसारण लाइन निर्माणसम्बन्धी बोलपत्र पुनः प्रकाशन गर्नका लागि आवश्यक प्रक्रिया अगाडि बढाइरहेको छ । बोलपत्रसम्बन्धी कागजातहरू पुनः तयार गर्नु तथा त्यसलाई पुनः प्रकाशन गर्नु प्राविधिक प्रक्रिया हो र एमसिए-नेपालले अघिल्लो पटक प्राप्त बोलपत्रहरूको मूल्य बढी हुनुका प्रमुख कारणहरूलाई सम्बोधन गर्न डिजाइन प्यारामिटरहरू र निर्माणसम्बन्धी प्रावधानहरूलाई समीक्षा गर्ने जिम्मेवारी आफ्नो सुपरिवेक्षण इन्जिनियरिङ फर्मलाई दिएको छ", एमसिए नेपालले भनेको छ, "नयाँ डिजाइन निर्माणका लागि प्रकाशन गरिने नयाँ बोलपत्र आह्वानमा परिमार्जन गरिएको डिजाइन प्रयोग गरिनेछ । एमसिए-नेपालले सकेसम्म चाँडो नयाँ बोलपत्र आह्वान गर्नेछ ।"

एमसिए-नेपालका सूचना अधिकारी राजीव दाहालले दिनुभएको जानकारीअनुसार एमसीसी कार्यक्रम खरिद निर्देशिका (पीपीजी) अनुसार पुनःठेक्कासम्बन्धी थप प्रक्रिया अघि बढाइएको छ । नेपालको विद्यमान सार्वजनिक खरिद ऐन र नियमावली एमसीसीअन्तर्गतका आयोजनाका हकमा लागू नहुने पनि एमसिए-नेपालले स्पष्ट पारेको छ ।

"नेपाल सरकार तथा अमेरिकी सरकारबीच हस्ताक्षर गरिएको एमसीसी नेपाल कम्प्याक्टका प्रावधानअनुसार कम्प्याक्ट अनुदानबाट कुनै सामान, कार्य तथा सेवा खरिद गर्दा एमसिए-नेपालले एमसीसी कार्यक्रम खरिद निर्देशिका पालना गर्दछ", सूचना अधिकारी दाहालले राससलाई उपलब्ध गराउनुभएको लिखित जानकारीमा भनिएको छ, "सबै बोलपत्र अस्वीकृत भएको अवस्थामा एमसिए निकायले अस्वीकृतिलाई न्यायोचित ठहऱ्याउने कारणहरूको समीक्षा गर्नेछ र नयाँ बोलपत्र प्रकाशन गर्नुपूर्व करारका सर्तहरू, डिजाइन तथा स्पेसिफिकेसनहरू, करारको कार्यक्षेत्र वा यी सबैको समष्टिगत स्वरूपलाई परिमार्जन गर्नेबारे विचार गर्नेछ ।"

बोलपत्र पुनः आह्वान प्रक्रिया अगाडि बढाउने सन्दर्भमा कुनै कानुनी, प्राविधिक वा व्यावहारिक समस्या नरहेको दाबी एमसिए-नेपालको छ । तर, ईआइएफपछिको छ महिनासम्ममा पनि आयोजनाको काममा उल्लेख प्रगति देखिन नसक्नाका कारणबारे उसले कुनै जानकारी खुलाएको छैन । परियोजनाको ठेक्का रद्द हुनाका कारण विश्लेषण गर्ने र अब खरिद प्रक्रिया अघि बढाउँदा ती समस्या नदोहोरिने गरी काम भइरहेको पनि एमसिए-नेपालले जनाएको छ ।

"हाल अघिल्लो पटक प्राप्त बोलपत्रहरूको लागत बढाउने प्रमुख कारणहरूलाई सम्बोधन गर्न डिजाइन प्यारामिटरहरू र निर्माणसम्बन्धी प्रावधानहरूलाई सुपरीवेक्षण इन्जिनियरले समीक्षा भइरहेको छ", उसले भनेको छ, "बोलपत्र पुनः आह्वान गर्ने, करार गर्ने र प्रसारण लाइन निर्माण समयमै सम्पन्न गर्ने कार्यलाई सहयोग पुऱ्याउने आवश्यक कार्यहरू पूरा गर्न निरन्तर रूपमा सक्रियता अपनाउँदै आएको छ ।"

आयोजना निर्माणका प्रारम्भिक चरणका काममै अल्झिएको एमसिए-नेपालले तोकिएको समयमा काम सम्पन्न गर्ने दाबी गरेको छ । "आयोजनाका काम समयमै सम्पन्न हुने सुनिश्चित गर्नका लागि खरिद प्रक्रियामा लाग्ने समयलाई कम गर्ने र कार्यान्वयनका क्रममा साधनस्रोतको अधिकतम सदुपयोग गर्नमा आफ्ना प्रयासहरूलाई केन्द्रित गर्दै आएको छ । प्रसारण लाइन निर्माणका लागि उपलब्ध समयसीमाभित्रै निर्माण सम्पन्न हुनेमा एमसिए-नेपाल विश्वस्त छ", एमसिए नेपालले भनेको छ ।

### जग्गा प्राप्तिमा विलम्ब

एमसिए-नेपालअन्तर्गत निर्माण गर्ने भनिएको विद्युत् प्रसारण लाइन र सबस्टेसनका लागि एक हजार चार सय ७१ हेक्टर जमिन आवश्यक पर्ने जनाइएको छ । यसमध्ये रातामाटे सबस्टेसन निर्माणका लागि आवश्यक जग्गा प्राप्ति सम्पन्न भएको छ । यसका लागि नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा २० दशमलव २७ हेक्टर जग्गा प्राप्ति गरिएको छ भने प्रभावित व्यक्तिहरूलाई रु एक अर्ब ४६ करोड ८४ लाख ६८ हजार पाँच सय बराबर मुआब्जा वितरण गरिएको छ । नयाँ दमौली सबस्टेसन र नयाँ बुटवल सबस्टेसन निर्माणका लागि आवश्यक जग्गा नेपाल विद्युत् प्राधिकरणले उपलब्ध गराउने भएको छ ।

प्रसारणलाइन टावरको जग निर्माणका लागि १० जिल्लामा एक सय चार हेक्टर जग्गा आवश्यक पर्नेछ । जग्गा प्राप्तिको काम अहिले प्रक्रियामा रहेको एमसिए-नेपालले जनाएको छ । "काठमाडौंबाहेक अन्य नौ जिल्लामा प्रसारण लाइन टावरको जग निर्माणका लागि आवश्यक जग्गा प्राप्ति गर्ने कार्यमा उल्लेख्य प्रगति हासिल गरेको छ । नौवटै जिल्लामा प्राप्ति गरिने जग्गा कित्ताहरूको तीनपुस्ते विवरणसहितको सूचना प्रकाशन भइसकेको छ", एमसिए-नेपालले भनेको छ, "अहिले मूल्याङ्कन सिफारिस उप-समितिहरूले स्थलगत रूपमा जग्गाका कित्ताहरूको मूल्याङ्कनसम्बन्धी कार्य र मुआब्जा निर्धारणका लागि प्राविधिक प्रतिवेदन तयारीसम्बन्धी काम गरिरहेका छन् । यसपछि वितरण गरिने मुआब्जा दरसहितको पुनर्वास कार्ययोजना प्रभावित समुदायहरूका लागि कार्यान्वयन गरिनेछ ।" भोगाधिकारका लागि आवश्यक जग्गासम्बन्धी विवरण सङ्कलन जारी रहेको एमसिए-नेपालले जानकारी दिएको छ ।

परियोजना लागू गर्नका लागि पूरा हुनुपर्ने भनी एमसीसी कम्याक्टमा तोकिएका सर्तमध्ये एउटा सर्त अझै अपूर्ण छ । प्रसारणलाइन र सडक विस्तार आयोजनाका लागि आवश्यक जग्गाको मुआब्जा वितरण तथा प्राप्ति, वन क्षेत्रभित्रको जग्गा प्रयोग अधिकार सुनिश्चितता र परियोजना बन्ने क्षेत्रसम्मको पहुँचको पूर्वसर्त पूरा हुनसकेको छैन तर सर्तका यी विषय पूरा हुने आधार देखिएको भन्दै एमसिए-नेपालले इआइएफ तोकेको थियो ।

### बजेट खर्च गर्न नसक्ने अवस्थामा एमसिए-नेपाल

नेपाल सरकार तथा एमसीसीबाट प्राप्त कूल बजेट र चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा नेपाल सरकारको बजेटबाट रु एक करोड २० लाख ५४ हजार र एमसीसीको स्रोतबाट रु ३८ करोड ५० लाख ६१ हजार छ सय बराबर खर्च गरेको छ । चालु आर्थिक वर्षको छ महिनामा विद्युत् प्रसारण आयोजनाका लागि रु १३ करोड चार लाख ५२ हजार, सडक मर्मत आयोजनाका लागि रु दुई करोड ३७ लाख ८८ हजार र कार्यक्रम व्यवस्थापनका लागि रु २४ करोड २८ लाख ७५ हजार बराबर खर्च भएको एमसिए-नेपालले जनाएको छ ।

वार्षिक विनियोजित बजेट खर्च गर्न नसक्ने अवस्थामा पुगेपछि एमसिए-नेपाल बजेट समर्पणको अवस्थामा पुगेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावलीको व्यवस्थाअनुसार योजना तथा कार्यक्रममा विनियोजित बजेट खर्च गर्न नसक्ने अवस्थामा समर्पण (सरेन्डर) गर्नुपर्ने प्रावधान रहेको छ । एमसिए-नेपालले चालु आर्थिक वर्षको बाँकी अवधिमा खर्च नहुने बजेटसम्बन्धमा लेखाजोखा गरिरहेको जनाएको छ । उक्त लेखाजोखापश्चात् मात्र समर्पण गर्नुपर्ने बजेट यकिन हुनेछ र त्यसबारे नेपाल सरकारलाई जानकारी गराउने पनि उसले जनाएको छ ।रासस

# नवप्रवर्द्धन युवा व्यवसायी सम्मेलन



टुडे समाचारदाता

दमौली । जिल्लाको म्याग्दे गाउँपालिकाले आफ्नो क्षेत्रको आर्थिक विकासका लागि नवप्रवर्द्धन युवा व्यवसायी सम्मेलनको तयारी गरेको छ । युवा व्यवसायीलाई प्रतिस्पर्धी बनाएर लाभको क्षेत्र पहिचान गर्नका लागि पहिलोपटक गाउँपालिकाले सो सम्मेलन आयोजना गर्न लागेको हो ।

गाउँपालिकाभित्र रहेका, उद्योगी र व्यवसायीको सीपमार्फत व्यवसाय गर्न उत्प्रेरित व्यक्ति तथा लगानी गर्न इच्छुक लक्ष्य गरी फागुनको अन्तिम सातासम्म सम्मेलन आयोजना गर्न गरिएको प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिए । नवप्रवर्द्धनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रमअन्तर्गत युवाको चाहना र लक्ष्यलाई पूरा गर्ने मुख्य उद्देश्य सम्मेलनको रहेको उनको भनाइ थियो ।

उक्त गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले सम्मेलनबाट प्रतिस्पर्धी लाभको क्षेत्रको पहिचान स्वयं युवा व्यवसायीले गर्ने बताए । उनले भने, "व्यवसाय गर्न इच्छुक व्यक्ति वा समूहले प्रस्ताव पेस गरेपछि पालिकाबाट सहयोग गर्ने र व्यवसायलाई अगाडि बढाउने नयाँ कार्यक्रम हो ।" गाउँपालिकाको दिगो आर्थिक विकासका लागि स्थानीय स्तरमा हुने उद्यम व्यवसाय, पर्यटन, स्थानीय उत्पादन, पूर्वाधार निर्माण, सीप विकास तालिम, उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन, विशिष्टीकृत वस्तु उत्पादन तथा बजारीकरणलगायत विषयमा सम्मेलनमा छलफल हुने नवप्रवर्द्धन कार्यक्रमका स्रोत व्यक्ति एवं गाउँपालिकाका अधिकृत प्रदीप न्यौपानेले जानकारी दिए ।

स्थानीय क्षेत्रको आर्थिक विकास गर्नु, उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, उद्यमशीलता प्रवर्द्धन गरी रोजगारी र आय आर्जन गर्नुलगायत कार्यक्रमको उद्देश्य रहेको उनको भनाइ थियो ।

नवप्रवर्द्धनमा आधारित कार्यक्रमलाई पूर्ण रुपमा सफल बनाउन निजी क्षेत्र, स्थानीय शिक्षालय, गैरसरकारी संस्था, व्यावसायिक प्रतिष्ठित व्यक्ति, उद्योग वाणिज्य सङ्घ बजार इकाइ, सहकारी, घरेलु महासङ्घ, पर्यटन व्यवसायीसँग सहकार्य गरिने गाउँपालिकाले जनाएको छ । यस कार्यक्रमबाट गाउँपालिकामा धेरै व्यक्तिले प्रत्यक्ष रोजगारी प्राप्त गर्ने विश्वास गरिएको छ । स्थानीयस्तरमा हाटबजार निर्माण गर्ने, स्थानीय उत्पादनको बजारीकरण गर्ने, उत्कृष्ट उद्यमीलाई सम्मान गर्ने र युवालाई व्यवसायप्रति जागरुप बनाउनेजस्ता कार्य गाउँपालिकाले गर्दै आएको छ ।

# नेप्से परिसूचक सामान्य अङ्कले घट्यो

टुडे समाचारदाता

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य गिरावट देखिएको छ । परिसूचक एक दशमलव ७६ अङ्कले घटेर दुई हजार ३३ दशमलव ०६ को विन्दुमा कायम भएको हो ।



मंगलबार तीन सय १४ कम्पनीको ९३ लाख ४२ हजार पाँच सय ४६ कित्ता शेयर ७६ हजार आठ सय तीनपटक खरिदबिक्री हुँदा रु तीन अर्ब ११ करोड ३५ लाख ५६ हजार बराबरको कारोबार भएको छ ।

विकास बैंक समूहको उपसूचक शून्य दशमलव २५, वित्त समूह शून्य दशमलव ७२, लगानी समूह शून्य दशमलव १८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७१ र अन्य समूह एक दशमलव १० प्रतिशतले बढेका छन् । अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ समूह शून्य दशमलव ४२, होटल तथा पर्यटन समूह शून्य दशमलव १८, जलविद्युत् समूह शून्य दशमलव ३१, जीवन बीमा समूह शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव ७४, म्युचुअल फन्ड शून्य दशमलव ०५, निर्जीवन बीमा समूह शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ३५ प्रतिशतले घटेको छ ।

बोटलर्स नेपाल (बालाजु) लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ग्रिनलाइफ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३१ करोड ७३ लाख ७० हजार नौ सय ९८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फन्डको पाँच लाख २९ हजार सात सय ३१ कित्ता शेयर किनबेच भएको छ ।


मधेश प्रदेश सरकार
श्रम तथा यातायात मन्त्रालय
जनकपुरधाम धनुषा

**प्राविधिक र वित्तिय प्रस्तावको लागि अनुरोध**

प्रथम पटक प्रकाशन मितिः ०९ फाल्गुन २०८० (२१ फरवरी २०२४)

(सुचना नं.:- MoLT-MP, Survey-1st-01-2080/81)

मधेश प्रदेश सरकारको श्रम तथा यातायात मन्त्रालयले वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरुका लागि पुनःएकीकरण (रेमी)परियोजना संचालनका लागि आ.ब. २०८०|८१ को स्वीकृत बजेट अनुसार प्रदेश स्तरीय "श्रम बजार सर्वेक्षण तथा प्रतिवेदन" तयार गरी यस प्रदेशका वेरोजगार युवाहरुलाई वर्तमान रोजगार बजारको अवस्था अनुरुप रोजगारीका क्षेत्रहरु पहिचान गर्ने उद्देश्यले परामर्श सेवा लिनको लागि "प्राविधिक र वित्तिय प्रस्ताव" १५ फाल्गुन, २०८० (२७ फरबरी २०२४), गते कार्यालय समय भित्र मन्त्रालयमा पेश गर्न हुन सबै योग्य सेवा प्रदायक/हरू वा परामर्शदाता फर्महरूको लागि खुला रुपमा अनुरोध गरिएको छ । इच्छुक र योग्य परामर्शदाता फर्महरूले थप जानकारी र सन्दर्भका शर्तहरू (TOR) सहितको कागजातहरू श्रम तथा यातायात मन्त्रालय जनकपुरधामको लेखा अधिकृत बाट निःशुल्क प्राप्त गर्न सक्नेछन् वा https://molt.madhesh.gov.np बाट डाउनलोड गर्न सक्नेछ ।

**सम्पर्क व्यक्ति**:- जितेन्द्र प्रसाद यादब, मोवाईल ९८४९५१६५०२



**भूमिसुधार तथा मालपोत कार्यालय, धनुषाको**

**हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला धादिङ धुनिबेशी नगरपालिका वडा नं. १ मा बस्ने प्रेम बहादुर गुरुङ र निजको एक मात्र श्रीमती तिर्थमाया कुमारीको क्रमशः मिति २०६२/०९/०४ र २०७८/०७/२५ गते आफ्नो कालगतीले मृत्यु भई निज दम्पतीबाट छोराको जाय जन्म नभएको एकमात्र विवाहीत छोरी शन्जु तामाङ भएको मृतकहरुको शेषपछीको नजिकको हकखाने एकमात्र हकदार भएको हुँदा निज मृतकको नाममा तपसिलमा रहेको जग्गा मेरो नाममा एकलौटी नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसारको धुनिबेशि नगरपालिका १ नं. वडा कार्यालयको च.नं. ६९८ मिति २०८०/१०/०९ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको ।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यी निवेदीका छोरी नाता पर्ने बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदीकाको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई दाबी उजुरि गर्न यस कार्यालयमा आउनु होला । म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९ (१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचना द्वारा सुचित गरिएको छ ।

तपसिल

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | शान्तिपुर | ५ क | १४२ | ०-४-१५-० | तिर्थमाया कुमारी ज.धनी |

# असक्षम नेतृत्वका कारण रौतहट पछाडि पर्‍यो : प्रभु साह



**टुडे समाचारदाता**

गौर । पूर्व मन्त्री तथा आम जनता पार्टीका अध्यक्ष प्रभु साहले असक्षम नेताहरू नेतृत्वमा पुग्दा रौतहट समग्र विकासमा पछाडि परेको टिप्पणी गरेका छन् । सधैं भरी बाहिर बसेर चुनावको समय मात्र रौतहट सम्झने नेताहरूको नेतृत्वका कारण जिल्ला पछि परेको उनले टिप्पणी गरे ।

गृह जिल्ला रौतहटको सदरमुकाम गौरमा भन्सारको लुटकारी ४५ प्रतिशत पुरस्कारको व्यवस्था हटाउन पार्टी द्वारा आयोजित बृहत्त भेलालाई सम्बोधन गर्दै उनले उक्त विचार राखेका थिए । २०१५ सालदेखि देशको ठूला ठूला आन्दोलन, राजतन्त्रविरुद्धको आन्दोलनमा समेत रौतहटको भूमिका महत्वपूर्ण तथा अग्रणी रहेको उनको भनाइ छ ।

तर, पछिल्लो समय केही नेता व्यक्तिगत स्वार्थमा लागेका कारण जिल्लाको नाम बदनाम मात्र होइन कलंकित भइरहेको बताएका अध्यक्ष साहले पूर्व प्रधानमन्त्री माधव कुमार नेपालप्रति आक्रोस व्यक्त गर्दै देशको नेतृत्व गर्दा पनि आफ्नै गृह जिल्ला विकासमा पछाडि पर्नु दुःखद रहेको बताए ।

पूर्वकालदेखि उर्वरभूमि मधेश भूमि उजाड हुनुमा मुख्यतः नेता नेपाल र उपेन्द्र यादव रहेको उनको आरोप छ । संघीयता भएदेखि नै उपेन्द्र यादवको पार्टीले मधेशको सत्ता चलाए पनि मधेश प्रदेश कहाँ पुग्यो सहजै अनुमान गर्न सकिने उनको भनाइ छ ।

नेता नेपाल र यादव सधैं सत्ता कुर्सीको लागि देश जनतालाई धोका दिएको भन्दै उनले उनीहरूकै कारणले मधेशमा बेरोजगारी गरिबी समेत बढेको बताए । गौर हत्याकाण्डमा अहिलेसम्म पीडितले न्याय पाउन नसकेको बताउँदै उनीहरुलाई न्याय दिलाएरै छोड्ने उनले प्रतिवद्धता जनाए ।

कार्यक्रममा नेता साहका साथै आमजनता पार्टीका मधेश प्रदेश इन्चार्ज सुधीर यादव, जिल्ला इन्चार्ज त्रिभुवन साह लगायतले गौर हत्याकाण्डका दोषी कुनै पनि हालतमा उन्मुक्ति नपाउने चेतावनी दिएका थिए ।

# ठेकेदारको लापरबाहीले स्थानीयलाई सास्ती

**टुडे समाचारदाता**

वीरगञ्ज । पथलैया-वीरगञ्ज औद्योगिक करिडोरको जीतपुर गढीमाई चोकदेखि पूर्वतर्फको सडक निर्माणमा ठेकेदारको चरम लापरबाहीका कारण स्थानीयले सास्ती भोगेका छन् । संघीय सरकार अन्तर्गत भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको ५० करोडको योजनामा ठेकेदार कम्पनीको चरम लापरबाहीका कारण सडक कालोपत्रेको काममा ढिलासुस्ती भएको छ ।

महावीर इन्जिनियर एन्ड कन्स्ट्रक्सन प्रालि काठमाण्डुले औद्योगिक करिडोरको ६ लेनसँग जोडिएको जीतपुर गढीमाई मन्दिरदेखि पूर्वतर्फको इनहर्वा बसडिलवासम्म करिब ५ किलोमिटर सडक निर्माणको काम अलपत्र अवस्थामा छाडेको छ । सडकमा खाल्टाखुल्टीका कारण दुर्घटनाको जोखिम बढेको छ भने धुलोले यात्रीलाई सास्ती भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका-८ का पूर्व वडाध्यक्ष रामबाबु पटेलले ठेकेदारले समयमै पोल सार्न आलटाल गर्दा बाटोको काम अगाडि बढ्न नसकेको बताए । धुलो उडेर गाउँमा हिंड्न सक्ने अवस्था नरहेको उनको भनाइ छ ।

'हामीले यो बाटो छिटो बनाइदिन कतिपटक चक्काजाम गर्‍यो, कति पटक हड्ताल गर्‍यौं, त्यस यता बेला-बेलामा बाटोमा पानी हालेको छ, तर बाटोको काम साह्रै ढिलो हुँदा गाउँलेले धेरै सास्ती भोग्नु परेको छ,' पटेलले भने, 'ठेकेदारको चरम लापरबाही छ । फिल्डमा ठेकेदार कहिल्यै पनि देखा पर्दैन ।' यो योजनामा सिमरा टेलिकमदेखि सेजसम्म जाने पहुँच मार्ग, जीतपुरको गढीमाईदेखि रमौली हुँदै रिलायन्स चिनी मिलसम्म जाने सडक र जीतपुरस्थित गढीमाई मन्दिरमा पार्क बनाउने उल्लेख छ । तत्कालीन शहरी विकास मन्त्री मेटमणि चौधरी यो योजनाको २०७९ असोज ७ गते शिलान्यास गरेका छन् ।



**सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय वीरगञ्जका प्रमुख विनोद सिंहले भने तोकिएको समयभित्र काम सम्पन्न हुने दाबी गरेका छन् ।**

महावीर इन्जिनियर एन्ड कन्स्ट्रक्सन प्रालिका इन्जिनियर प्रवीन ठाकुरले हालसम्म २० देखि २५ प्रतिशत काम सम्पन्न भएको र करिब ६ करोड भुक्तानी बुझिसकेको बताए । 'पोल सार्ने विषयलाई लिएर ढिला भएको थियो, अब सघन शहरी कार्यालय आफैंले सार्ने सहमति भएकाले रोकिएको काम छिटै सुरु हुन्छ,' ठाकुरले भने, 'सिमरा र जीतपुरमा गरी करिब ६० देखि ७० वटा बिजुलीको पोल बिच बाटोमा परेका छन् । त्यसलाई अब छिटै हटाउने काम सुरु हुन्छ ।'

पूर्व वडाध्यक्ष पटेलले भने ठेकेदार कम्पनीले आफूखुसी बिल पास गरेर भुक्तानी लिने गरेको तर फिल्डमा केही काम नभएको बताए । 'एक डेढ किलोमिटर नालाको काम भएको छ अरु केही काम भएको छैन,' उनले भने, 'ठेकेदारको धेरै लापरबाही छ ।'

अर्का स्थानीय हरेन्द्र सहनीले ठेकेदारले केही नाला बनाउने बाहेक कुनै काम नगरेको बताए । 'पोल सारेको छैन, धुलो उडेर बाटोमा हिंड्नै नसकिने अवस्था छ,' उनले भने ।

३२ फिट चौडाइको बाटोमा ३ फिट दुवैतर्फ नालाका लागि छुट्याइएको छ । ऐलानी जग्गा भएको ठाउँमा भने बाटोको चौडाइ केही फराकिलो बनाइएको छ । १८ महिनाभित्र सम्पन्न गर्नुपर्ने योजनामा एक वर्ष बित्नै लाग्दासमेत धेरै काम अलपत्र अवस्थामा रहेको सिमराका मदनबहादुर क्षेत्रीले बताए ।

सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय वीरगञ्जका प्रमुख विनोद सिंहले भने तोकिएको समयभित्र काम सम्पन्न हुने दाबी गरेका छन् । 'सरकारले समयमै भुक्तानी गर्‍यो भने आगामी असोजभित्र सबै काम सम्पन्न हुन्छ,' सिंहले भने । यता विद्युत प्राधिकरण सिमरा वितरण केन्द्रले भने सघन शहरी कार्यालयले २ महिनाअघि नै पोल सार्ने विषयमा प्राधिकरणसँग सहमति गरे पनि काम सुरु नगरेको बताएको छ ।

# मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । हुलाकी सडकस्थित सर्लाहीको कौडेना गाउँपालिका-२, फूलपरासीमा गएसाँझ भएको मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु भएको छ ।

दुर्घटनामा गोडैता नगरपालिका-७, जानकी टोलका ३२ वर्षीय राकेश राउतको मृत्यु भएको छ । साँझ पौने ८ बजे पूर्व-पश्चिम हुलाकी सडकस्थित फूलपरासीमा मलङ्गवाबाट गडहीयातर्फ जाँदै गरेका राउत सवार मोटरसाइकल विपरीत दिशाबाट आइरहेको साइकलसँग ठोक्किएर अनियन्त्रित भइ पल्टिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका मोटरसाइकल चालक राउतलाई उपचारका लागि प्रादेशिक अस्पताल मलङ्गवा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । मोटरसाइकलसँग ठोक्किँदा साइकल यात्री भारत बेल्वा सङ्ग्रामपुर बस्ने ४७ वर्षीय रामशिरीष राय सामान्य घाइते भएका छन् ।

रायको प्रादेशिक अस्पताल मलङ्गवामा उपचार जारी छ । तीव्र गतिमा चलाउँदा मोटरसाइकल दुर्घटनामा परेर गम्हरिया, बरहथवा, डुमरियालगायतका स्थानमा आइतबार राति अन्य केही व्यक्ति घाइते भएका प्रहरीले जनाएको छ ।

# जनकपुर साहित्य महोत्सवको पाँचौ संस्करण १० फागुनदेखि




**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा 'जनकपुर साहित्य महोत्सव' को पाँचौ संस्करण फागुन १० गते बिहीबारबाट सुरु हुने भएको छ ।

मंगलवार विहान पत्रकार सम्मेलन गरी फाउण्डेशनले महोत्सव वारे जानकारी गराएको छ ।

फ्याक्ट्स नेपालको प्रायोजन तथा नव मिथिला फाउण्डेशनले आयोजना गर्ने उक्त महोत्सव यस वर्ष स्थानीय राम मन्दिरको प्राङ्गण (पार्क) मा हुनेछ । त

ीन दिन सम्म चल्ने महोत्सवमा विभिन्न सत्रहरुमा साहित्य, राजनीति, आर्थिक, सामाजिक, शिक्षा, खेलकुद, सम्पदा, संस्कार सहितका विषयमा सान्दिर्भक शीर्षकहरुमा बहस तथा सांस्कृतिक कार्यक्रम, विभिन्न समाग्रीको बिक्रीको लागि स्टलहरु समेत राखिने आयोजक संस्थाका उपाध्यक्ष आदित्य नेपालले जानकारी दिए ।

अमित झा साहित्य एवार्ड, कवि गोष्ठी, चलु जनकपुरधाम, मधेशको श्रम यात्रा सहितका सत्र देखि ढोलपिपही सम्मको प्रस्तुती रहने महोत्सवमा संघीयता बारे समेत विमर्श हुने फाउन्डेशनका अध्यक्ष अमित साहले बताए । महोत्सवले मिथिलाको भाषा, साहित्य, कला संस्कृति तथा इतिहासको संरक्षणमा टेवा पुग्ने उनले विश्वास व्यक्त गरे ।

उपाध्यक्ष नेपालले जनकपुरधामलाई साहित्यको शहरका रुपमा समेत प्रस्तुत गर्न पाँचौ संस्करण सम्म आइपुगेको यो महोत्सव यस अघि जानकी मन्दिरमा हुने गरेकोमा यस वर्ष राम मन्दिरमा हुने बताए ।

महोत्सवमा विभिन्न विषयमा २० वटा सत्रमा वहस हुने र महोत्सवमा जनकपुरधाम बाहिरका करिव ४५ जना विशिष्ठ व्यक्तित्व, विज्ञ तथा कलाकारहरुको सहभागिता रहने जनाइएको छ ।

# वृहत्त शैक्षिक तथा सांस्कृतिक महोत्सव हुने

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती नगरपालिकाले पहिलो पटक वृहत्त शैक्षिक तथा सांस्कृतिक महोत्सव आयोजना गर्ने भएको छ ।

नगरको शैक्षिक गुणस्तर सुधार अभियान अन्तर्गत तीन हजार विद्यार्थी र करिव १५ हजार अभिभावक सहभागी गराई शैक्षिक तथा सांस्कृतिक महोत्सव आयोजना गर्न लागिएको नगरपालिकाले जनाएको छ । फागुन १२ गते शनिबार बागमती नगरपालिका-११, कर्मैयास्थित स्वर्गीय सन्तोष श्रेष्ठ स्मृति खेल मैदानमा आयोजना हुने एक दिने महोत्सवको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले उद्घाटन गर्ने बागमती नगरपालिकाले जनाएको छ ।




नगरप्रमुख भरतकुमार थापाले पूर्वाधार सँगसँगै चेतनाको समेत विकास गर्नुपर्छ भन्ने निष्कर्षसहित पहिलो पटक शैक्षिक महोत्सव आयोजना गर्न लागिएको पत्रकार सम्मेलनमा बताए । नगरप्रमुख थापाले आफूहरु निर्वाचित भएर आएपछि नगरभित्रका सामुदायिक विद्यालयमा थुप्रै सुधारका काम भएका र सामुदायिक विद्यालय सुधारकै अभियान अन्तर्गत ऐतिहासिक शैक्षिक महोत्सव आयोजना गर्न जुटेको जानकारी दिए । "हामी निर्वाचित भएर आउँदा यहाँका सामुदायिक विद्यालयमा विद्यार्थी थिएनन्, अहिले आठौं हजार विद्यार्थी भर्ना भएका छन्," नगरप्रमुख थापाले भने, "भौतिक संरचनाको कमी र शिक्षक दरबन्दीको अभावले अब थप नयाँ विद्यार्थीलाई भर्ना लिन सक्ने अवस्था छैन् ।"

उनले विद्यार्थीलाई गुणस्तरीय पठनपाठनसँगै उनीहरुको सर्वाङ्गीण विकासका लागि समाजको मौलिकता, संस्कार, संस्कृतिका बारेमा पनि ज्ञान दिन आवश्यक ठानेर शैक्षिक तथा सांस्कृतिक महोत्सव आयोजना गर्न लागिएको बताए । महोत्सवमा तीन हजार विद्यार्थीले सातै प्रदेशको संस्कार, संस्कृति झल्किने ८६ मिनेटसम्मको लगातार नृत्य प्रस्तुत गर्ने छन् ।

बागमती नगरपालिकाको शिक्षा सुधार अभियानका सहजकर्ता एवं वृहत्त राष्ट्रिय शिक्षा अभियान नेपालका संयोजक अभिषेक घिमिरेले शैक्षिक महोत्सवलाई सफल र उपलब्धिपूर्ण बनाउन विगत तीन महिनादेखि प्रत्येक विद्यालयका विद्यार्थीलाई तयारी गराइरहेको जानकारी दिए ।

## प्रजातन्त्रका आधारभूत पक्षहरू

- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानवअधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**
**लेखापाल - २ (दुई) जना**

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क
जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.
जनकपुरधाम, धनुषा
सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

# बागमती युवा क्लबलाई सूर्यनगर गोल्डकप

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको बागमती युवा क्लबले पश्चिम नवलपरासीको बर्दघाटमा आयोजित आठौं सूर्यनगर गोल्डकपको उपाधि उचालेको छ ।

डिफेन्डिङ च्याम्पियन नेपाल पुलिस क्लबमाथि १-० को संघर्षपूर्ण जित निकाल्दै बागमतीले सूर्यनगर गोल्डकपको उपाधि हात पारेको हो । खेलको २५ औं मिनेटमा बागमतीका लागि अभि लामाले गरेको गोल नै उपाधिका लागि निर्णायक बन्यो ।




जितसँगै बागमतीले पाँच लाख रुपैयाँ नगदसहित प्रतियोगिताको ट्रफी प्राप्त गरेको छ । उपविजेता पुलिसले भने तीन लाख रुपैयाँमा चित्त बुझायो ।

सर्लाहीमा राष्ट्रिय स्तरको फुटबल प्रतियोगिता राजर्षि जनक कप आयोजना गर्दै आइरहेको बागमती युवा क्लबले पछिल्लो समय आफ्नो फुटबल टिमलाई 'ए' डिभिजनका क्लबसँग प्रतिस्पर्धामा उतारेर सनसनीपूर्ण खेल पस्कँदै आएको छ ।

सोहीक्रममा बागमतीले विभागिय क्लब पुलिसलाई स्तब्ध पार्दै सूर्यनगर गोल्डकपमा कब्जा जमाएको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८